## अध्याय - एक

## परिचय

### पृष्ठभूमि

भाषा विचार विनिमयको माध्यम हो । भाषा सामाजिक वस्तु हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्छ र समाजिक सम्पर्क स्थापित गर्न यसको उपयोग समाजमै गर्छ । घर परिवार तथा छिमेकको सम्पर्कबाट भाषा स्वतः सिक्तै जान्छ भने औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ । वैचारिक आदान-प्रदानको माध्यम भाषा हो (**शर्मा, २०६८ :१**) ।

भाषा मौखिक र लिखित दुई प्रकारका हुन्छन् । श्रोताको सामिप्यतामा मौखिक भाषा प्रयोग हुन्छ भने लिखित भाषालाई श्रोताको सामिप्यता चाहिँदैन । यसलाई सङ्ग्रह गरेर राख्न सकिन्छ । प्रविधिको विकासले मौखिक भाषालाई रेकर्ड गरेर राख्न थालिए पनि लेख्य भाषाको आवश्यकता पनि त्यत्तिकै छ ।

भाषिक सीप (सुबोपले) हरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमकै सोपक्षतामा भाषा पाठ्यक्रमलाई पनि हेर्न सकिन्छ । भाषा शिक्षण व्यवस्थित र योजनाबद्ध कार्य भएकाले यसको शिक्षणका लागि पनि पाठ्यक्रमको भूमिका महत्व्पूर्ण ठहरिन्छ । यसरी भाषा शिक्षणका लागि तयार गरिएको योजनाबद्ध कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । प्रसिद्ध शिक्षाविद् सेलर र एलेक्जेन्डरको दृष्टिमा विद्यालयभित्र वा बाहिरको परिवेशमा भाषा शिक्षणका अपेक्षित उद्देश्यहरू प्राप्त गर्न सकिने यावत प्रयासलाई भाषा पाठ्यक्रम भनिन्छ । रा.शि.प.यो. अनुसार भाषा शिक्षणको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्तमलाई भाषा पाठ्यक्रम भनिन्छ । समग्रमा भाषा शिक्षण सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अंगालेर विद्यार्थीहरूमा अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइका अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरिन्छ । त्यसलाई नै भाषा पाठ्यक्रम भन्न सकिन्छ (**शर्मा, २०६० : २७०-७१**) ।

पाठ्यक्रमले तोकेका उद्देश्य प्राप्तिका लागि तयार पारिने पुस्तक नै पाठ्यपुस्तक हो भने पाठ्यक्रमले तोकेका विधाको क्षेत्र र क्रम अथवा विषयवस्तुको छनोटको सीमाभित्र बसेर भाषिक सीप विकासका लागि तयार पारिएको पुस्तक नै भाषा पाठ्यपुस्तक हो । यसमा विद्यार्थीको रुचि, क्षमता, उपलब्धि तथा स्तरको समेत ख्याल गरेर, विस्तृत भाषिक पाठ्यसामग्रीलाई समेटेर पाठ्यपुस्तक तयार गरेको हुन्छ ।

भाषामा शब्दको महत्वपूर्ण स्थान हुन्छ । एक वा एकभन्दा बढी अक्षर मिली बनेको स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने अर्थपूर्ण इकाइलाई शब्द भनिन्छ । यो रुपिमभन्दा माथिल्लो पदावली भन्दा सानो भाषिक

एकाइ हो । घर, पानी, गोठ, गाई आदि स्वतन्त्र रूपमा प्रयोग हुने गर्दछन् । वाक्यमा प्रयोग हुन सक्ने शब्दलाई पद पनि भनिन्छ । कुनै पनि भाषामा शब्दभण्डार हुन्छ । त्यही निश्चित शब्दभण्डारभित्र रहेका शब्दहरूको समूहमा गरिने विभाजनलाई शब्दवर्ग भनिन्छ; जस्तै : नाम शब्दवर्ग, विशेषण शब्दवर्ग इत्यादि (**लम्साल र भट्टराई, २०६५ : २४**) ।

भाषाको आर्जन साहित्यका विधाहरूको अध्ययनबाट सम्भव भए पनि यी विधाको अध्ययनका लागि शब्दको ज्ञान आवश्यक हुन्छ । शब्द सबै विधा अध्ययनको आधार तत्व हो । शब्दलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ :-

(क) स्रोत आधारमा

(ख) बनोटका आधारमा

(ग) कार्यका आधारमा

**स्रोतका आधारमा शब्द वर्गीकरण**

कुनै पनि भाषामा शब्दभण्डार रहेको हुन्छ । ती विभिन्न स्रोतबाट आएका हुन्छन् । भाषाले जुन ठाउँबाट शब्द ग्रहण गर्दछ, त्यसलाई स्रोत भनिन्छ । स्रोतका आधारमा नेपालीमा मौलिक र आगन्तुक गरी दुई वर्गका शब्द भेट्टाउन सकिन्छ ।

**मौलिक शब्द**

नेपाली भाषाको जननीका रूपमा संस्कृत भाषा रहेको छ । यसको स्रोतको आधार संस्कृत भाषा नै हो । कुनै पनि भाषाका स्रोतबाट प्राप्त शब्दलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषामा मौलिक शब्दहरू संस्कृत भाषाबाट आएका छन् । संस्कृत भाषाबाट नेपाली भाषामा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । मौलिक शब्द पनि तत्सम र तद्भवका भेदले दुई प्रकारका छन् :-

**तत्सम शब्द**

'तत्' र 'सम' दुई शब्द मिलेर तत्सम शब्दको निर्माण भएको हो । तत् को अर्थ त्यो र सम को अर्थ उस्तै वा बराबर हुन्छ । अथवा "जस्ताको तस्तो,त्यो जस्तो, त्यस्तै । संस्कृत भाषाबाट रुप नफेरिई आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द (जस्तै : संस्कृतबाट नेपालीमा आएका तत्सम शब्द : आकाश, सूर्य, दिन, इ.)" (नेबृश, ५५०) ।

यसरी संस्कृत भाषाबाट नेपाली भाषामा रुप नफेरिई आएर प्रयोग भएका शब्दहरू तत्सम शब्द हुन । नेपाली भाषामा यस्ता तत्सम शब्दहरू पर्याप्त मात्रामा प्रयोग हुने गरेका छन् ।

तत्सम शब्दले नेपाली भाषामा आएर प्रायः नाम, विशेषण, क्रियाविशेषण, संयोजक, निपात, नामयोगी, विस्मयादिबोधक जस्ता शब्द वर्गको रूपमा काम गरेका छन् । तत्सम शब्दले नेपाली भाषा प्रयोग हुने हरेक क्षेत्रमा महत्वपूर्ण  भूमिका निर्वाह गरेर भाषालाई मिठासपूर्ण बनाएको छ । यसले नेपाली भाषालाई शिष्ट, अर्थपूर्ण र व्यावहारिक बनाउन महत्वपूर्ण भूमिका खेलेको हुनाले यसको अध्ययन जरुरी छ ।

**तद्भव शब्द**

संस्कृतबाट सोझै नआई प्राकृत र अपभ्रंश हुँदै रूप फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिन्छ; जस्तै : आगो, साउन, असार, हात आदि (बराल, २०६६ : ८८) ।

**आगन्तुक शब्द**

संस्कृत बाहेक अन्य भाषाबाट आएर नेपाली भाषामा प्रयोग भएका शब्दहरू आगन्तुक शब्द हुन् । यिनीहरू पनि अन्य भाषाबाट नेपाली भाषामा आएर प्रयोग भएका र अन्य देशका भाषाबाट नेपाली भाषामा आएर प्रयोग भएका शब्दहरू छन् । देशभित्रका भाषाबाट आएका शब्दहरूमा चाम्लिङ, मुन्धुम, डम्फू, क्वाँटी, पटुका जस्ता शब्दहरू हुन् भने विदेशी भाषाबाट आएका अखबार, कोट, चम्चा, अनार, एजेन्डा आदि । (बन्धु २०५२: ७३)

तसर्थ स्रोतका आधारमा मौलिक शब्द अन्तर्गत तत्सम शब्दको प्रयोगका विभिन्न पक्षहरूलाई केलाई सिकारुका लागि यस्ता शब्दहरू के कतिको बोधगम्य छन्, सिकारुलाई शब्दभण्डार बृद्धि गर्न र प्रयोग गर्न के कस्तो सहजता प्रदान गर्न सकिन्छ भन्ने सन्दर्भमा समेत प्रस्तुत शोध कार्यमा अध्ययन हुने हुँदा यसबाट शोधार्थी तथा अन्य सम्बन्धित पक्षलाई समेत सहयोग पुग्ने देखिन्छ ।

**समस्या कथन**

कुनै पनि विषयको अध्ययन-अनुसन्धान समस्याकै सेरोफेरोमा रहेर गर्ने गरिन्छ । शोध गर्ने कार्य आफैंमा महत्वपूर्ण विषय हो । त्यसमा पनि कक्षा आठको हालै परिवर्तन भएको नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन तथा विश्लेषण गर्नु गहनतम कार्य हो । शैक्षिक क्षेत्रमा नेपाली भाषामा तत्सम,  तद्भव र आगन्तुक शब्दले खेलेको भूमिका महत्वपूर्ण छ । सीमित रूपमा रहेका झर्रा नेपाली शब्दलाई पूर्णता दिने काम यिनै तत्सम, तद्भव र आगन्तुक शब्दहरूले गरेका हुन्छन् ।

तत्सम शब्दले नेपाली भाषाको पाठ्यपुस्तकमा समाविष्ट भएर शिक्षण कार्यलाई समस्या समेत खडा गरेका छन् । वाक्यको विभिन्न अवस्थामा आएर यी शब्दले कुन वर्गका रूपमा काम गरेका छन् भन्ने कुरा छुट्याउन नसक्नु विद्यार्थीको समस्याको पाटो हो । यतिमात्र नभएर यस्ता शब्दले शिक्षकलाई समेत समस्या बनाइरहेका छन् । पद वर्ग तथा तत्सम शब्दको मूल रूप पत्ता लगाउन कठिन भएको पाइन्छ । उपसर्ग, प्रत्यय, समास, द्वित्व, सन्धि कुन प्रक्रियाबाट शब्द निर्माण भएको छ त्यसका बारेमा जानकारी भएमा मात्र शब्द बनोट प्रक्रिया छुट्याउन र त्यसको वास्तविक अर्थ पत्ता लगाउन सकिन्छ । यस सन्दर्भमा नेपाली पाठ्यपुस्तकको कक्षा आठका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा देखा पर्ने समस्याहरूलाई बुँदागत रूपमा उल्लेख गरिन्छ :-

(क) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा के कस्ता तत्सम शब्दहरू प्रयोग भएका छन् ?

(ख) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको निर्माण प्रक्रिया के कस्तो छ ?

(ग) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द शब्दवर्गका आधारमा कस्ता छन् ?

(घ) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको सङ्ख्यात्मक अवस्था कस्तो छ ?

**अध्ययनको औचित्य र महत्व**

कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन तथा अनुसन्धान गर्नु यस शोध कार्यको औचित्य हुनेछ । तत्सम शब्दको अध्ययनले भाषालाई सरल, सहज तथा मिठासपूर्ण बनाउने र दुर्बोध्यलाई सुबोध्य बनाउने हुनाले यसको अध्ययन तथा अनुसन्धान औचित्यपूर्ण छ ।

यस शोध कार्यमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा समाविष्ट तत्सम शब्दहरूको व्यवस्थित रूपमा अध्ययन गरिनेछ । यसमा तत्सम शब्दहरू के कति मात्रामा प्रयोगमा आएका छन् ? ती शब्दहरू कसरी बनेका छन् ? शब्दहरूको मूल रूप के हो ? सो कुराको अवगत शिक्षक तथा विद्यार्थीलाई हुनेछ । यस प्रकारको अध्ययनले संस्कृत भाषामा दखल नहुने व्यक्तिलाई राहत मिल्नेछ । बनोट प्रक्रिया र पदवर्गको वितरणले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई समेत सहयोग पुऱ्याउने र अरु शब्दको तुलनामा तत्सम शब्द कठिन अनि गहन भएकाले यसको अध्ययन आवश्यक तथा महत्वपूर्ण मानिएको छ ।

**अध्ययनका उद्देश्यहरू**

शोधकार्य सम्पन्न गर्न निश्चित उद्देश्यहरू रहेका हुन्छन् । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार छन् :-

(क) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम पत्ता लगाउनु ।

(ख) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको निर्माण प्रक्रिया देखाउनु ।

(ग) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको शब्दवर्गका आधारमा पहिचान गर्नु ।

(घ) कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको सङ्ख्यात्मक अवस्था देखाउनु ।

**अध्ययनको परिसीमा**

प्रस्तुत शोध अध्ययन कक्षा आठको वर्तमान नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूका शब्दवर्ग, व्युत्पति र अर्थ निर्धारणमा मात्र सीमित रहेको छ ।

**पारिभाषिक शब्द**

यस शोधकार्यमा प्रयुक्त पारिभाषिक शब्दहरूको अर्थ स्पष्ट हुने गरी प्रस्तुत गरिएको छ :–

एकीकरण – दुई वा दुईभन्दा बढी व्यक्ति, वस्तु, संस्था, राज्य, आदिलाई मिलाएर एक बनाउने काम नै एकीकरण हो ।

प्रस्ताव – कुनै कार्य सम्पादनका लागि प्रस्तुत गरिने सुझावलाई प्रस्ताव भनिन्छ ।

शब्दवर्ग - कार्यका आधारमा शब्दवर्गीकरण गर्ने प्रक्रिया नै शब्दवर्ग हो ।

व्युत्पत्ति - शब्दको रचना वा बनोटलाई व्युत्पत्ति भनिन्छ ।

भाषा पाठ्यपुस्तक - भाषा पाठ्यपुस्तक भन्नाले भाषिक सीप विकासका लागि तयार पारिएको पाठ्यपुस्तक भन्ने बुझिन्छ ।

भाषा पाठ्यक्रम - भाषा पाठ्यक्रम भन्नाले भाषिक सीप विकासका लागि तयार पारिएको पाठ्यक्रम भन्ने बुझिन्छ ।

## अध्ययन - दुई

## पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### पूर्वकार्यको समीक्षा

विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दका बारेमा पर्याप्त अध्ययन अनुसन्धान भएका छन् । तिनै अध्ययनका श्रृङ्खला स्वरूप यहाँ कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन गरिएको छ । हालसम्म भएका केही अनुसन्धानलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

भट्राई (२०६६) ले एम एड प्रयोजनका लागि **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा अध्ययन विश्लेषण गरेका छन् । यस अध्ययनमा कक्षा ५ मा नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको शब्दवर्ग, अर्थ, बनोट, पृष्ठ के कस्ता अवस्थामा रहेका छन् ? तिनलाई स्पष्ट पार्ने कार्य गरेका छन् । तत्सम शब्दको बनोट, पृष्ठ, अर्थ, शब्दवर्ग सङ्ख्यात्मक अवस्थाको उल्लेख गर्नु यो शोधकार्यको उद्देश्य रहेको छ । भट्टराईले पुस्तकालयीय विधि, अध्ययन अनुसन्धान तथा परामर्श विधिको प्रयोग गरेको पाइन्छ । यो अनुसन्धानले कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट भएका तत्सम शब्दहरू ५२५ रहेको देखाएका छन् । ती तत्सम शब्दहरूलाई पदवर्ग छुट्याई, अर्थ, पृष्ठ तथा पाठगत शब्द समेत वर्गीकरण गरेकोले शिक्षक तथा विद्यार्थीका लागि सहयोग पुग्ने देखिन्छ ।

खड्का (२०६७) ले **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शैक्षिक प्रयोजनका लागि तयार गरेकी छन् । यस अध्ययनमा कक्षा ११ मा कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अर्थ व्युत्पत्ति, पाठ, शब्दवर्ग तथा पृष्ठको अवस्था के कस्तो रहेको छ त्यसलाई केलाएर प्रस्तुत गरेकी छन् । तत्सम शब्दको ब्युत्पत्ति, अर्थ, शब्दवर्ग तथा पृष्ठको उल्लेख गर्नु यो अध्ययनको उद्देश्य रहेको छ । यसमा पुस्तकालयीय तथा खोज अनुसन्धान विधिको प्रयोग गरेको पाइन्छ । यो कार्य तत्सम शब्दको अध्ययनका लागि महत्वपूर्ण मान्न सकिन्छ ।

दाहाल (२०६७) ले शैक्षिक प्रयोजनका लागि **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा अध्ययन गरेकी छन् । यस अध्ययनमा सबैको नेपाली पाठ्यपुस्तकमा निबन्ध विधामा समावेश भएका तत्सम शब्दहरूको अर्थ, व्यत्पत्ति, पाठ, पृष्ठ र सङ्ख्या कुन अवस्थामा रहेका छन् तिनीहरूलाई केलाएर स्पष्ट पार्ने काम गरेकी छन् । यस निबन्धमा रहेका तत्सम शब्दको अर्थ, शब्दवर्ग, बनोट, पृष्ठ उल्लेख गरेर निबन्धमा के कस्ता र कति तत्सम शब्दहरू राख्ने भन्ने कुराको उल्लेख गर्नु यो शोधकार्यको उद्देश्य रहेको छ । यो शोधकार्यमा निबन्धको आयाम, स्तर,

कठिनाइ आदिलाई ख्याल गरी क्रमशः सरलबाट जटिल, छोटोबाट लामोको क्रममा राख्नुपर्ने सुझाव समेत प्रस्तुत गरेकी छन् । यसमा पुस्तकालयीय तथा खोज अनुसन्धान विधिको प्रयोग गरेको पाइन्छ । यो अध्ययनले सम्बन्धित सबै सरोकारवालालाई सहयोग पुग्ने देखिन्छ ।

नेम्वाङ्ग (२०७१) ले **नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** नामक शोधपत्रमा पाठ्यपुस्तक निर्मातालाई कति तत्सम शब्द पाठहरूमा समावेश गर्ने, कुन पदवर्गको आवृत्ति कति गर्ने ? जस्ता कुराहरूको उल्लेख गरेकी छिन् । कथामा प्रत्युक्त तत्सम शब्दको अध्ययनमा पृष्ठ, सङ्ख्या, बनोट, वर्ग, अर्थ सम्पूर्ण कुरा स्पष्ट पार्नु यो अध्ययनको उद्देश्य रहेको छ । यसमा पुस्तकालयीय तथा खोज अनुसन्धान विधिको प्रयोग गरेको पाइयो । समग्रमा यो अध्ययनले सम्बन्धित सबै सरोकारवालालाई सहयोग पुग्ने देखिन्छ ।

बस्नेत (२०७१) ले **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द** शीर्षकमा अध्ययन गरेको पाइयो । जसमा तत्सम शब्दहरू कुन प्रकृतिका हुने, तत्सम शब्दलाई कुन क्रममा राख्ने, तत्सम शब्दको स्तर र विद्यार्थीको स्तर के कसरी मिलाउने जस्ता विषयमा शोधकार्य गरेका छन् । कथा विधामा तत्सम शब्द सरल प्रकृतिका हुनुपर्ने र ती शब्दलाई विद्यार्थीको स्तर अनुसार प्रयोग गरेर शब्द स्तम्भमा राख्नुपर्ने जस्ता उद्देश्य बस्नेतको शोधपत्रमा रहेको देखिन्छ । तत्सम शब्दलाई सरलबाट जटिलको क्रममा राखेर विद्यार्थीको स्तरको समेत पहिचान गर्न सरोकारवालालाई सुझाव पनि दिएका छन् । शब्दको अर्थ, पृष्ठ, बनोट प्रक्रिया सम्पूर्ण कुरा देखाइएको सो शोधपत्रमा पुस्तकालयीय तथा खोज अनुसन्धान विधिको प्रयोग गरेको पाइन्छ । सो शोधपत्रले अध्ययन अनुसन्धान गर्ने सम्बन्धित सरोकारवालालाई उपयोगी भएको सिद्ध हुन्छ ।

शब्दभण्डारसँग सम्बन्धित रहेर विभिन्न अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइए तापनि भरखरै पाठ्यक्रम विकासकेन्द्र सानोठिमीद्वारा पूर्ण परिवर्तित **कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** कुनै पनि अध्येताले नगरेको हुनाले यो अध्ययन नै यस विषय तथा क्षेत्रको प्रथम अनुसन्धान भएकोले यसबाट सम्बन्धित सबै सरोकारवालालाई सहयोग पुग्ने देखिन्छ ।

## पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

कुनै पनि कार्यको शुरुवात गर्नुपूर्व त्यससँग सम्बन्धित के कस्ता कार्यहरू भएका छन्, बुझ्नु आवश्यक हुन्छ । विगतमा भए गरेका अनुसन्धानले वर्तमानलाई मार्गनिर्देश गर्दछ । नेपाली भाषालाई विद्यालय तहमा अनिवार्य गरेबाट यसको उपयोगिता झन्झन् बढ्दै गएको छ । अध्ययन तथा अध्यापनको

क्रममा शब्दभण्डारको महत्वपूर्ण स्थान रहेको छ । यसमा पनि स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दले नेपाली भाषालाई मजबुत तुल्याएको छ । तत्सम शब्दसँग सम्बन्धित भएर विभिन्न अध्ययन अनुसन्धान भइसकेका छन् । तीमध्ये हिराकुमार भट्टराईको एम्.एड्. प्रयोजनका लागि **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन**, निर्मला अधिकारी (२०६६) शैक्षिक प्रयोजनका लागि **कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन** जस्ता अनुसन्धान भए पनि तिनले सबै पक्षलाई समेट्न सकेको देखिँदैन । यो शोधकार्यका लागि देवीमाया नेम्बाङ्को अप्रकाशित शोधपत्रबाट शब्दको वर्गीकरण, तालिकीकरण जस्ता विषयका लागि सहयोग भयो भने नारायण बस्नेतबाट स्रोत कहाँ र कसरी जुटाउने अनि शब्दको वर्गीकरण कसरी गर्ने जस्ता विषयमा यो शोध कार्यका लागि महत्वपूर्ण योगदान रहेको छ । शान्ता दाहाल तथा गोमाकुमारी खड्काको शोधपत्रबाट कुनै पनि विधामा तत्सम शब्दहरू के कस्ता र कति अनुपातमा राख्ने भन्ने विषयमा सहयोग मिलेको छ । संक्षेप सूची, तालिकीकरण जस्ता कुराहरूमा देवीमाया नेम्बाङ र नारायण बस्नेतको शोधपत्रलाई महत्वपूर्ण रुपमा लिइएको छ । यसर्थ अहिलेको परिवर्तित कक्षा आठको नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शिक्षक तथा विद्यार्थीका लागि उपयोगी हुनेछ । यसबाट शब्दभण्डारमा बृद्धि हुनाका साथै शब्दवर्ग पहिचानमा ठूलो सहयोग पुग्ने देखिन्छ । आगामी दिनमा शब्दभण्डारको सेरोफेरोमा रही अध्ययन अनुसन्धान गर्ने शोधार्थीका लागि पनि यसले मार्गनिर्देश गर्नका साथै उपयोगी सावित हुने देखिन्छ । यो विषयसँग सम्बन्धित रहेर शोध कार्य कसैबाट नगरिएकोले यसका लागि शोध निर्देशक तथा विषय विज्ञसँग सहयोग लिँदै तयार पारिएको हुनाले यसको मौलिकतामा विश्वास गर्न सकिन्छ ।

**सैद्धान्तिक/धारणात्मक संरचना**

अनुसन्धान कार्य गर्दा अनुसन्धानलाई हेरेर त्यसको नियमलाई आत्मसात गरेर त्यसका सैद्धान्तिक पक्षलाई समेटेर मात्र गर्नुपर्छ । नियम तथा सिद्धान्तलाई मिचेर कार्य गर्दा वैज्ञानिकता नहुने र व्यक्तिको निजत्व झल्कने हुनाले सिद्धान्तलाई शिरोधार्य गर्नु आवश्यक छ । अतः यो शोधपत्र तयारीका क्रममा नेपाली बृहत् शब्दकोश, हेमाङ्गराज अधिकारी तथा बद्रिविशाल भट्टराईको **प्रयोगात्मक नेपाली शब्दकोश**, टीकादत्त बरालको **तत्सम नेपाली व्युत्पत्ति शब्दकोष**, वामन शिवराम आप्टेको **संस्कृत हिन्दी कोशको** ढाँचा र पद्धतिअनुरुप शब्दको उत्पत्ति, वर्ग, बनोट र अर्थ प्रस्तुत गरिएको छ । यी सामग्रीमा समेत प्रविष्ट हुन नसकेका शब्दका निम्ति वसन्तकुमार शर्माद्वारा सम्पादित **नेपाली शब्दसागर**को उपयोग गरिएको छ । शब्दको सैद्धान्तिक अध्ययनका निम्ति हेमाङ्गराज अधिकारीको **समसामयिक नेपाली व्याकरण** पुस्तकको सहयोग लिइएको छ ।

# अध्याय - तीन

## अध्ययनको विधि/प्रक्रिया

### अध्ययनको संरचना

**नेपाली पाठ्यपुस्तकको कक्षा आठका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** गर्नका लागि यस शोधकार्यमा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको प्रकृति, बनोट, वर्ग, अर्थ, पाठको शीर्षक र पृष्ठका आधारमा विश्लेषण गरिएकोछ । यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि, परामर्श विधि तथा विश्लेषण विधि अपनाइएको छ ।

### जनसङ्ख्या र नमूना

**कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**का लागि जनसङ्ख्याको नमूनाका रुपमा ६ वटा कथा विधामा प्रयुक्त सम्पूर्ण शब्दहरूलाई लिइएको छ । यसमा जनसङ्ख्याको नमूना छनोटका रुपमा तत्सम शब्दहरूलाई मात्र प्रयोग गरिएको छ । यो पुस्तकालीय विधि भएकोले यसमा अन्य जनसङ्ख्याको आवश्यकता रहँदैन ।

### नमूना छनोट प्रक्रिया

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा भएका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको नमूना छनोट गर्दा उद्देश्यमूलक नमूना छनोटको प्रयोग गरिएको छ । आवश्यकता अनुसार पुस्तकालयीय विधिको प्रयोग गरी कथा विधामा भएका तत्सम शब्दहरू सङ्कलन गरिएको हुनाले सेन्सर विधिको पनि प्रयोग गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका साधनहरू :

शोधपत्रमा मूलतः प्राथमिक र द्वितीयक स्रोतका आधारमा तथ्याङ्क सङ्कलन गरिने भए पनि यो शोधकार्य विशेषगरी द्वितीयक स्रोतमा आधारित हुने हुनाले द्वितीयक स्रोतबाट नै तथ्याङ्क सङ्कलन गरिएको छ । यसमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द के कस्ता छन् ? यसलाई वर्गका आधारमा छुट्याउन कुन विधि अपनाउने ? तत्सम शब्दको बनोट कस्तो छ ? अर्थ प्रस्तुति कस्तो छ ? जस्ता समस्याको समाधान द्वितीयक स्रोतबाट निकालिएको छ । यसमा **कक्षा आठको नेपाली पाठ्यपुस्तक, बृहत् नेपाली शब्दकोष, प्रयोगात्मक नेपाली शब्दकोश, तत्सम नेपाली व्युत्पत्ति शब्दकोश, नेपाली शब्दसागर, संस्कृत हिन्दी कोश, अप्रकाशित शोधपत्रहरू** तथा शिक्षक एवम् विषय विशेषज्ञका निर्देशन, सल्लाह र सुझावलाई समेत पालना गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

शोध तथा अनुसन्धान कार्य तथ्यमा आधारित हुन्छ । तथ्याङ्क सङ्कलन कार्य तथ्यमा आधारित भएकोले यसका विधि पनि निश्चित हुन्छन् । शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय र क्षेत्रीय विधि मूल रूपमा मान्य हुन्छन् । तसर्थ **कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**का लागि पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि **कक्षा आठको नेपाली पाठ्यपुस्तक**, **बृहत् नेपाली शब्दकोश**, **प्रयोगात्मक नेपाली शब्दकोश**, **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश**, **नेपाली शब्दसागर**, **संस्कृत हिन्दी कोश** (**वामन शिवराम आप्टे**) तथा **अप्रकाशित शोधपत्र**बाट सामग्री सङ्कलन गरिएको छ ।

**तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया**

यस शोधकार्यको व्याख्या र विश्लेषणका लागि सङ्कलित सामग्रीलाई निगमन विधिको प्रयोग गरी **कक्षा आठको नेपाली पाठ्यपुस्तक**, **बृहत नेपाली शब्दकोश**, **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश**, **संस्कृत हिन्दी कोश** (**वामन शिवराम आप्टे**), **नेपाली शब्दसागर** आदिका सहायताले तत्सम शब्द पत्ता लगाउने, शब्दवर्ग छुट्याउने, निर्माण प्रक्रिया पत्ता लगाउने, अर्थ खोज्ने, पृष्ठ उल्लेख गर्ने जस्ता कार्य गरिएको छ । यसका निम्ति शब्द, शब्दवर्ग, व्युत्पत्ति अर्थ र पृष्ठलाई तालिका बनाएर प्रस्तुत गरिएको छ ।

## अध्याय - चार

## नतिजा/परिणाम

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा जम्मा २२ वटा पाठहरू समावेश रहेका छन् । नेपाल, सीप र श्रम, मेरो घर र आह्वान गरी चारवटा कविता छन् । देवकुमारी थापा, भूगोलविद हर्क गुरुङ, साहित्यकार रविन्द्रनाथ ठाकुर र सर आइज्याक न्युटन गरी चारवटा जीवनी छन् । त्यसैगरी ग्रन्थचित्र, प्रकृति र वातावरण, कम्प्युटर र इन्टरनेट, नेपाली संस्कृति जस्ता चारवटा प्रबन्ध समावेश छन् । हामी एउटै हौं १ एकाङ्की र दाजुलाई चिठी नामक एक घरायसी चिठी रहेको छ । यसैगरी एउटा निवेदन र छ वटा कथाहरू कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश भएका छन् । कथाहरूमा मित्रता, एउटा घटना, ठग समातियो, सिंह र स्यालको कथा स्वाभिमान रहेका छन् शोधकार्यको उद्देश्य अनुसार कथालाई यहाँ क्रमशः चर्चा गरिएको छ ।

**तालिका नं १** कक्षा आठको नेपाली पाठ्यपुस्तका पाठहरू

| **क.सं.** | **शीर्षक** | **विधा र क्षेत्र** | **पृष्ठ** |
|---|---|---|---|
| १ | नेपाल | कविता | १ |
| २ | भाग्य | कथा | ६ |
| ३ | देवकुमारी थापा | जीवनी | १४ |
| ४ | ग्रन्थचित्र | प्रबन्ध | २३ |
| ५ | निवेदन | निवेदन | ३२ |
| ६ | मित्रता | कथा | ३७ |
| ७ | सिप र श्रम | कविता | ४७ |
| ८ | भूगोलविद् हर्क गुरुङ | जीवनी | ५२ |
| ९ | प्रकृति र वातावरण | प्रबन्ध | ६० |
| १० | एउटा घटना | कथा | ६८ |
| ११ | दाजुलाई चिठी | चिठी | ७५ |
| १२ | मेरो घर | कविता | ८० |
| १३ | विज्ञान अभिशाप नभई वरदान | वादविवाद | ८४ |
| १४ | साहित्यकार रवीन्द्रनाथ ठाकुर | जीवनी | ९५ |
| १५ | ठग समातियो | कथा | १०३ |
| १६ | कम्प्युटर र इन्टरनेट | प्रबन्ध | १०९ |

| | | | |
|---|---|---|---|
| १७ | हामी एउटै हौँ | एकाङ्की | ११५ |
| १८ | आह्वान | कविता | १२२ |
| १९ | सिंह र स्यालको कथा | कथा | १२७ |
| २० | नेपाली संस्कृति | प्रबन्ध | १३६ |
| २१ | सर आइज्याक न्युटन | जीवनी | १४६ |
| २२ | स्वाभिमान | कथा | १५६ |

**कथा र सङ्ख्या**

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा जम्मा ६ वटा कथाहरू समावेश छन् । ती कथाहरूमा जम्मा ५०४७ शब्दहरू प्रयोग भएका छन् । ती मध्ये तत्सम शब्दहरू ३५६ छन् । ती ६ वटा कथाहरूमा **भाग्य, मित्रता, एउटा घटना, ठग समातियो, सिंह र स्यालको कथा** र **स्वाभिमान** रहेका छन् । यी कथाहरूमा प्रयोग भएका तत्सम शब्द र तिनको सङ्ख्यात्मक अवस्था निम्न तालिकामा देखाइएको छ :-

**तालिका नं २** कक्षा आठको नेपाली पाठ्यपुस्तका कथा विधा र तिनका सङ्ख्या

| **क्र.सं** | **कथा** | **जम्मा शब्द सङ्ख्या** | **तत्सम शब्द सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|---|
| १. | भाग्य | ८१७ | २४ | २.९३% |
| २. | मित्रता | ११०४ | १२५ | ११.३२% |
| ३. | एउटा घटना | ८६८ | ४२ | ४.८३% |
| ४. | ठग समातियो | ६६६ | १३ | १.९% |
| ५. | सिंह र स्यालको कथा | ७०२ | ४८ | ६.८३% |
| ६. | स्वाभिमान | ८८९ | १०४ | ११.६९% |

उल्लिखित पाठहरूमध्ये ६ वटा कथा विधामा रहेका तत्सम शब्दहरूको क्रमशः अध्ययन गरिएको छ :-

**भाग्य**

कथाकार सुधा त्रिपाठीद्वारा लिखित **भाग्य** आधुनिक कथा हो । यसमा मानिसको भाग्य निर्माण भावीले नभएर मानिस आफैंले गर्नुपर्ने कुराको उल्लेख भएको छ । यिनको बनोट, वर्ग, अर्थ, पृष्ठ समेत निम्नअनुसार देखाइएको छः-

| **क.सं.** | **शब्द** | **वर्ग** | **बनोट** | **अर्थ** | **पृष्ठ** |
|---|---|---|---|---|---|
| १ | अर्थ | नाम | अर्थ्+अ | प्रयोजन | ७ |
| २ | असन्तुष्टि | नाम | अ+सम्+तुष्+ति | सन्तुष्ट नभएको भाव, अप्रसन्नता | ८ |
| ३ | उत्सुक | विशेषण | उत्+सु+ (कन्) | कुनै काम कुरो गर्नाका निमित्त उत्सुक, उत्कण्ठित | ७ |
| ४ | कथा | नाम | कथ्+आ | कहानी, किस्सा, वृत्तान्त | ७ |
| ५ | कर्म | नाम | कृ+म (मनिन्) | कार्य, धार्मिक अनुष्ठान | ८ |
| ६ | कल्पना | नाम | कल्प+अन+आ | कुनै विषयमा उब्जिने मनको भावना | ९ |
| ७ | जीवन | नाम | जीव्+अन | बाँच्ने काम, जीवित अवस्था | ८ |
| ८ | दुःख | नाम | दुः+ख, दर+ख | पीडा, ताप, वेदना | ७ |
| ९ | दृश्य | विशेषण | दृश्+य | हेर्न वा देख्न लायक | ८ |
| १० | तुलना | नाम | तुल्+अन्+आ | तौलने काम | ७ |
| ११ | निमग्न | विशेषण | नि+मस्ज्+त | तल्लीन, तन्मय | ९ |
| १२ | परिश्रमी | विशेषण | परिश्रम+ई | परिश्रम गर्ने, उद्यमी | ९ |
| १३ | प्रतीक्षा | नाम | प्रति+ईक्ष्+आ | कुनै काम हुने आशमा गरिएको पर्खाइ, बाटो, हेराइ | ७ |
| १४ | प्रशस्त | विशेषण | प्र+शंस्+त | धेरै, पर्याप्त | ९ |
| १५ | भविष्य | नाम | भू+इ+स्य | आगामी बेला, वर्तमान पछिको समय | ९ |
| १६ | भाग्य | नाम | भज्+य | दैव, दैवी विधिविधान | ६ |
| १७ | भिन्नता | नाम | भिद्+न+ता | भिन्न हुनाको भाव वा अवस्था | ८ |
| १८ | मात्र | क्रि.वि. | मा+त्र (नन्) | केवल, खालि | ७ |
| १९ | मूल्य | नाम | मूल+यत् (य) | महत्व गरिमा | ९ |
| २० | श्रम | नाम | श्रम्+अ | परिश्रम, मेहनत | ९ |
| २१ | सम्पूर्ण | विशेषण | सम्+पूर्ण | सबै | ८ |
| २२ | सम्बन्ध | नाम | सम्+बन्ध | संयुक्त हुने काम, नाता जोड्ने काम | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | सुन्दर | विशेषण | सुन्द्+अर | राम्रो, मनोहर | ९ |
| २४ | स्वर | नाम | स्वर्+अ/ स्वृ+अ | आवाज | ६ |

यस कथामा जम्मा ८१७ शब्दहरू रहेका छन् । जसमध्ये तत्सम शब्दहरू २४ वटा रहेका छन् । यसका आधारमा अरु शब्दका तुलनामा तत्सम शब्दहरू २.९३% छन् । पदवर्गका दृष्टिले नामको सङ्ख्या १६, क्रियाविशेषणको १ र विशेषणको सङ्ख्या ७ रहेको छ ।

**मित्रता**

**मित्रता** शारदारमण नेपालद्वारा लिखित पौराणिक कथा हो । यस कथामा मित्रतालाई कुनै पनि बन्धनले बाँध्न नसकिने कुराको उल्लेख गरिएको छ । यिनको निर्माण प्रक्रिया अर्थ, वर्ग, पृष्ठ आदिलाई निम्नअनुसार स्पष्ट पारिएको छ :-

| **क.सं.** | **शब्द** | **वर्ग** | **बनोट** | **अर्थ** | **पृष्ठ** |
|---|---|---|---|---|---|
| १ | अकिञ्चन | विशेषण | अ+किञ्चन | निर्धन, असहाय | ३९ |
| २ | अङ्कमाल | नाम | अङ्क+माल | अँगालो, आलिङ्गन | ४२ |
| ३ | अपमान | नाम | अप+मान | तिरस्कार | ३९ |
| ४ | अपरिचित | विशेषण | अ+परि+चि+त | चिनजान नभएको | ४० |
| ५ | अर्जुन | नाम | अर्ज+उन | पाँच पाण्डव मध्ये एक | ४० |
| ६ | अर्पण | नाम | अर्प+अण | समर्पण, देवता वा मान्यजनलाई श्रद्धापूर्वक कुनै वस्तु चढाउने काम | ४१ |
| ७ | अनायास | क्रि.वि. | अन्+आयास | बिना परिश्रम, अकस्मात् अचानक | ४१ |
| ८ | अभिवादन | नाम | अभि+वादन | आफूले मान्नुपर्ने व्यक्तिलाई गरिने आदर | ४० |
| ९ | अभ्यास | नाम | अभि+अस् | आवृत्ति, निरन्तर अध्ययन | ३७ |
| १० | अवश्य | क्रि.वि. | अ+वश्य+अ (घञ्) | निश्चय, जरुर, पक्का | ४० |
| ११ | अस्वत्थामा | नाम | अश्व+स्थामन् | द्रोणाचार्यका छोरा | ३७ |
| १२ | आचार्य | नाम | आ+चर्+य | प्राध्यापक वा गुरु, आध्यात्मिक गुरु | ४० |
| १३ | आतिथ्य | नाम | अतिथि+य, अ+तिथि+य | पाहुनाको स्वागत एवम् सत्कार | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | आदर | नाम | आ+दृ+अ | सम्मान, सत्कार | ४० |
| १५ | आशा | नाम | आ+अश्+आ | कुनै वस्तु पाउने इच्छा वा चाहना | ३८ |
| १६ | आश्चर्यचकित | विशेषण | आश्चर्यले चकित ( स) | अनौठो र अद्भुत बस्तु वा दृश्य देखेर दङ्ग परिने | ४० |
| १७ | आसन | नाम | आस्+अन | बस्ने स्थान, बसिने वस्तु | ४५ |
| १८ | उचित | विशेषण | वच्+इत/उच्+त( क्त) | सुहाउँदो मिल्दो, योग्य | ४२ |
| १९ | उत्तर | नाम | उत्+तृ+अ | दक्षिणको उल्टो दिशा/जवाफ | ३८ |
| २० | उपलब्धि | नाम | उप+लभ्+ति (धि) | प्राप्ति हासिल हुने क्रिया | ३७ |
| २१ | उन्मत्त | विशेष | उत्+मत्त | मातिएको, नसा लागेको, मदमत्त | ४१ |
| २२ | ऋषि | नाम | ऋष्+इन् (कित) | वेदमन्त्रहरूका द्रष्टा, तपस्वी | ३७ |
| २३ | ऐश्वर्य | नाम | ईश्वर+य | श्रीसम्पत्ति, प्रभुत्व, अधिपत्य | ४१ |
| २४ | कौरव | नाम | कुरु+अ | कुरुवंशका सन्तान, दुर्योधनादि | ४१ |
| २५ | कर्ण | नाम | कृ+न | कान, महाभारतका एक वीर पात्र, सूर्यपुत्र | ४१ |
| २६ | क्रमशः | क्रि.यो. | क्रम+शः | क्रमैसँग, क्रमले | ४१ |
| २७ | कृपा | नाम | क्रप्+आ | मान, आफूभन्दा साना वा असहायलाई देखाउने दया | ४० |
| २८ | कौशल | नाम | कुशल+अ | कुशलता, दक्षता, प्रवीणता | ४० |
| २९ | गुरु | नाम | गृ+उ (गुर्+उ) | कुनै पनि शिक्षा वा विद्याप्रदान गर्ने व्यक्ति, शिक्षक | ३७ |
| ३० | गुरुकुल | नाम | गुरु +कुल (गुरुको आश्रम) | गुरुको सेवा सुश्रुषा गरी विद्या आर्जन गर्ने प्राचीनपदद्दतिको विद्याकेन्द्र | ३७ |
| ३१ | चिन्ता | नाम | चिन्त+आ | कुनै पनि विषय वा समस्याले मनलाई सताएको स्थिति | ४२ |
| ३२ | ज्ञान | नाम | ज्ञा+न | वोध, बुझाइ | ३९ |
| ३३ | दक्षिणा | नाम | दक्षिण+आ | यक्षपुजा आदि समाप्त भएपछि ब्राह्मणलाई दिइने रुपैयाँ पैसा | ४१ |
| ३४ | दान | नाम | दा+अन | आफूसँग भएको चिज अरुलाई दिने काम | ३७ |
| ३५ | दुःख | नाम | दुःख+अ | कष्ट पीडा | ३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | दरिद्र | विशेषण | दरिद्रा+अ(क) | गरिब, निर्धन | ३८ |
| ३७ | दरिद्रता | नाम | दरिद्र+ता | निर्धनता, गरिबी | ३७ |
| ३८ | द्रुपद | नाम | मूल शब्द | महाभारतीय पात्र, पाञ्चाल नरेश | ३७ |
| ३९ | धनुर्विद्या | नाम | धनुष्+विद्या | धनु चलाउन सिकाउने विद्या | ४१ |
| ४० | नरेश | नाम | नर+ईश | राजा | ३७ |
| ४१ | निपुण | विशेषण | नि+पुण<br>नि+पुण्+क(अ) | ज्ञाता, सिपालु, कुनै पनि विषयको राम्रो ज्ञान भएको | ४१ |
| ४२ | निश्चित | विशेषण | निस् +चित | पक्का, निश्चय भएको | ४० |
| ४३ | पद | नाम | पद्+अ | स्थान, दर्जा, योग्य, पदवी | ३९ |
| ४४ | पत्नी | नाम | पति+नी | श्रीमती, भार्या | ३८ |
| ४५ | परशुराम | नाम | परशु+राम | ईश्वरीय अवतार, महाभारतीय पात्र राजा, भूप | ३७ |
| ४६ | पराजित | विशेषण | परा+जित | युद्ध खेल आदिमा हारेको व्यक्ति, हरूवा | ४१ |
| ४७ | परिचय | नाम | परि+चय/<br>परि+चि+अच् | कुनै व्यक्ति अथवा वस्तुको पहिचान, चिनारी | ४२ |
| ४८ | परिवार | नाम | परि+वार | एउटै घरमा बसी एउटै भान्सामा खाने जहान | ३७ |
| ४९ | परीक्षा | नाम | परि+ईक्षा | कुनै वस्तु, व्यक्ति वा कार्यको गुण योग्यता क्षमता आदिको जाँच | ४१ |
| ५० | पाञ्चाल | नाम | पञ्चाल+अण (अ्) | अचेलको पञ्जाव प्रदेशमा पर्ने प्राचीन देश | ३७ |
| ५१ | पाण्डव | नाम | पाण्डु+अ | पाण्डका पुरुष सन्तान, युधिष्ठिरादि | ४० |
| ५२ | पारङ्गत | विशेषण | पार+गम्+क्त | पार भएको | ३८ |
| ५३ | पितामह | नाम | पितृ+आमह<br>(पिता+मह) | बाबुका बाबु, बाजे, हजुरबा | ४० |
| ५४ | पूर्व | नाम | पूर्व+अ | अघिल्लो समय | ४१ |
| ५५ | प्रगाढ | विशेषण | प्र+गाढ | ज्यादै, धेरै, गम्भीर, घनिष्ट | ३७ |
| ५६ | प्रतिशोध | नाम | प्रति+शुध्+अ | प्रतिकार बदला | ४२ |
| ५७ | प्रतिष्ठा | नाम | प्रति+स्था+अङ्(अ) | सम्मान, आदर | ३९ |
| ५८ | प्रतिज्ञा | नाम | प्रति+ज्ञा | सङ्कल्प, अठोट | ३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९ | प्रशिक्षण | नाम | प्र+शिक्षण | तालिम दिने काम, प्रशिक्षण गर्ने काम | ४० |
| ६० | प्रस्ताव | नाम | प्र+स्तु+अ | कुनै कार्य सम्पादनका लागि प्रस्तुत गरिने सुझाव | ४० |
| ६१ | प्रयत्न | नाम | प्र+यत्+न | कोसिस | ३९ |
| ६२ | प्रस्थान | नाम | प्र+स्थान | यात्राको आरम्भ, एक ठाउँबाट अर्को ठाउँमा जाने काम | ४१ |
| ६३ | प्रयोगशाला | नाम | प्र+योग+शाला | प्रयोग, परीक्षण तथा विश्लेषणका लागि उपकरण आदि जडान गरिएको ठाउँ | ३८ |
| ६४ | बन्धन | नाम | बन्ध+अन | बाँध्ने काम वा प्रक्रिया, बाँध्ने साधन, डोरी | ४१ |
| ६५ | बालक | नाम | बाल+कन्(क) | सानो बच्चो, शिशु | ३७ |
| ६६ | भाग्योदय | नाम | भाग्य+उदय | भाग्यको उदय, भाग्य जागेको | ४० |
| ६७ | भारद्वाज | नाम | भादद्वाज+अ (अण्) | भरद्वाज ऋषिका सन्तान | ३७ |
| ६८ | भव्य | विशेषण | भू+यत्+य | हेर्दैमा सुन्दर एवम् विशाल कल्याणकारी उपयुक्त | ४० |
| ६९ | भविष्य | नाम | भू+इ+स्य | वर्तमान भन्दा पछिको समय | ३९ |
| ७० | भिन्नता | नाम | | भिन्न हुनाको भाव वा अवस्था | ३७ |
| ७१ | भीष्म | विशेषण | भीम+म | भयानक, भयङ्कर, डरलाग्दो | ४० |
| ७२ | भोज | नाम | भुज्+अ | कुनै उत्सव वा समयमा धेरै मानिसलाई खुवाउने काम | ४० |
| ७३ | महोदय | नाम | महान+उदय | आफूभन्दा मान्यजनलाई सम्बोधन गर्दा भनिने शब्द | ४० |
| ७४ | महेन्द्रपर्वत | नाम | महान्+इन्द्र (महेन्द्र) पर्व+त (पर्वत) | पुराणमा उल्लेख भएको एक पहाड | ३७ |
| ७५ | मित्र | नाम | मिद्+त्र | साथी, सखा | ३७ |
| ७६ | मित्रता | नाम | मित्र+ता | मित्रमा हुने भाव | ३७ |
| ७७ | युधिष्ठिर | नाम | युद्धमा स्थिर | पाँच पाण्डवहरूमध्ये सबैभन्दा जेठो | ३९ |
| ७८ | युद्ध | नाम | युध्+त | दुई देश वा मानिसका बीच हुने ठूलो भिडन्त | ४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९ | युद्धर्षि | नाम | युद्धका ऋषि | युद्धमा निपुण | ३७ |
| ८० | योजना | नाम | योजन+आ | कार्यक्रमको रुपरेखा पूर्व निर्धारित कार्यक्रम | ३९ |
| ८१ | योद्धा | विशेषण | युध्+आ | युद्ध गर्न व्यक्ति | ४१ |
| ८२ | रथ | नाम | रथ्+अ | वग्गी घोडाले तान्ने चारपाङ्ग्रे साधन | ४१ |
| ८३ | राजकुमार | नाम | राज+कुमार | राजाका छोरा | ३७ |
| ८४ | राज्य | नाम | राजन्+य | देश, ठूलो राष्ट्रको शासनमा रहेको प्रदेश | ३७ |
| ८५ | लगनशिलता | नाम | लगन+शील+ता | एकाग्रता, तल्लीनता | ४० |
| ८६ | वचन | नाम | वच्+अन | बोली वाणी | ३८ |
| ८७ | वचनवद्धता | नाम | वचनले बद्धता (स) | वचनवद्ध हुने भाव कबुलमा बाँधिने काम | ४१ |
| ८८ | विचार | नाम | वि+चर्+अ(घञ्) | बोली, वाणी | ४० |
| ८९ | विजयी | नाम | विजय+ई | विजेता, युद्ध वा प्रतियोगिता आदिमा जित्ने व्यक्ति | ४१ |
| ९० | विनम्रता | नाम | वि+नम्र+ता | भद्रता, सुशीलता, शिष्टता | ४१ |
| ९१ | विद्या | नाम | विद्+य+आ | पढेर प्राप्त हुने ज्ञान | ३७ |
| ९२ | विराजमान | विशेषण | वि+राज्+मान | शोभायमान, ज्यादै सुहाएको | ३८ |
| ९३ | विवाह | नाम | वि+वह्+अ | स्त्री र पुरुषलाई पतिपत्नीका रुपमा गाँस्ने धार्मिक संस्कार | ३७ |
| ९४ | विवरण | नाम | वि+वृ+अन | वृत्तान्त, कुनै कुरा खुलस्त पार्ने गरी दिएको वर्णन | ४० |
| ९५ | विश्राम | नाम | वि+श्रम्+अ (घञ्) | थकाई मार्ने काम, विश्रान्ति | ३७ |
| ९६ | विशेष | विशेषण | वि+शिष्+अ | असामान्य, विशिष्ट प्रकारको | ४० |
| ९७ | व्यक्ति | नाम | वि+अञ्ज्+ति | छुट्टै अस्तित्व भएको प्राणी, मनुष्य | ४५ |
| ९८ | व्यवहार | नाम | वि+अव+हार | आचरण, चालचलन | ३९ |
| ९९ | शक्ति | नाम | शक्+ति | कुनै व्यक्ति प्राणी आदिमा हुने क्षमता | ३९ |
| १०० | शरीर | नाम | शृ+ईरन् (ईर) | अङ्गप्रत्यङ्ग मिलेर बनेको प्राणीको आकृति | ३७ |
| १०१ | शस्त्र | नाम | शस् +त्र | हातहतियार, खुकुरी, तरवार | ४० |
| १०२ | शास्त्रास्त्र | नाम | शस्त्र+अस्त्र | हातमा लिएर चलाउने हतियार | ३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०३ | शान्त | विशेषण | शम्+त | शान्ति भएको, सन्नाटा छाएको | ४२ |
| १०४ | शिक्षण | नाम | शिक्ष्+अन | अध्यापन, शिक्षा दिने, सिकाउने काम | ३८ |
| १०५ | शिक्षा | नाम | शिक्ष्+आ | देखेर सुनेर वा अनुभव गरेर प्राप्त हुने ज्ञान वा सिप | ४१ |
| १०६ | शिष्टता | नाम | शिष्ट+ता (शिष+त्=शिष्ट) | नम्रता भद्रता | ३९ |
| १०७ | शिष्य | नाम | शास्+य | विद्यार्थी, छात्र | ४० |
| १०८ | शोभा | नाम | शुभ+आ | वस्तुमा हुने चमक, प्रकाश, आकर्षण | ४१ |
| १०९ | सपरिवार | विशेषण | स+परिवार | परिवार सहितको | ३८ |
| ११० | समय | नाम | सम्+ई/इ+अ | काल, बेला | ३७ |
| १११ | सम्मान | नाम | सम्+मान | कसैलाई गरिने विशेष आदर, इज्जत | ४० |
| ११२ | संयमित | विशेषण | संयम+इत्/ सम्+यम+इत | संयममा रहेको, मर्यादामा बसेको | ४१ |
| ११३ | सर्वस्व | नाम | सर्व+स्व | आफूसँग भएको सबै सम्पत्ति | ३७ |
| ११४ | सर्वोत्तम | विशेषण | सर्व+उत्तम | सबैभन्दा उत्तम, सर्वश्रेष्ठ | ४१ |
| ११५ | सहपाठी | विशेषण | सह+पाठ+ई | सह अध्येता, सँगसँगै पढ्ने | ३८ |
| ११६ | सामान्य | विशेषण | समान+य | खास गुण वा विशेषण नभएको, साधारण | ३९ |
| ११७ | साम्राज्य | नाम | सम्+राज्+य | धेरै राज्यहरू मिलेर बनेको ठूलो राज्य | ४० |
| ११८ | सिंहासन | नाम | सिंह+आसन | देवी देवताको आसन, सिंहको आकार निर्मित सुनको आसन | ३७ |
| ११९ | सुखभोग | नाम | सुखको भोग | आनन्दको भोगाई, दुःखको अनुभूति नभएको | ३७ |
| १२० | सूचक | विशेषण | सूच्+अक | सूचना दिने, सङ्केत गर्ने | ४० |
| १२१ | सूर्य | नाम | सृ +य | घाम, प्रभाकर, भाष्कर, दिवाकर | ३८ |
| १२२ | सौभाग्य | नाम | सु+भाग्य | उत्तम भाग्य | ३८ |
| १२३ | स्नेह | नाम | स्निह+अ | आफूभन्दा सानालाई देखाइने प्यार माया | ४० |
| १२४ | स्वीकार | नाम | स्व+ई+कार | कसैको भनाइ वा व्यवहारको समर्थन | ४० |
| १२५ | हस्तकौशल | नाम | हस्त+कुशल+अ | हातको सिप, हस्तकला | ४० |

यस कथामा ११०४ वटा शब्दहरू समावेश भएका छन् भने तत्सम शब्दको सङ्ख्या १२५ रहेको छ । शब्दको सङ्ख्यात्मक गणनाका हिसाबले अरु शब्दका तुलनामा तत्सम शब्द ११.३२% रहेको छ । यसमा प्रयोग भएका तत्सम शब्दहरूमध्ये नाम ९९, विशेषण २३ र नियमाविशेषण ३ रहेका छन् ।

**एउटा घटना**

एउटा घटना कथाकार शान्तादाश मानन्धरद्वारा लिखित आधुनिक कथा हो । यो विद्यालस्तरका बालबालिकाको चरित्र तथा अनुशासन निर्माणका लागि उपयुक्त रहेको देखिन्छ । यी शब्दहरूलाई निर्माण प्रक्रिया, वर्ग अर्थ पृष्ठ सहित निम्नानुसार देखाइएको छ :

| क्र.सं. | शब्द | वर्ग | बनोट | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अनुशासित | विशेषण | अनु+शास् + इत | अनुशासनमा रहेको | ७१ |
| २ | अभ्यास | नाम | अभि+आस | आवृत्ति, पुनरावृत्ति | ६९ |
| ३ | अलप | नाम | मूल शब्द | देख्तादेख्तै हराउने क्रिया, गायब, वेपत्ता | ६९ |
| ४ | कक्षा | नाम | कक्ष+आ | पठनपाठन संचालन हुने कोठा | ६९ |
| ५ | केन्द्रित | विशेषण | केन्द्र+इत | एक ठाउँमा रहेको, एकत्रित | ६९ |
| ६ | केशव | नाम | केश+व | परमात्मा, परमेश्वर, बिष्णु, विद्यार्थीको नाम | ७० |
| ७ | कृतज्ञता | नाम | कृतज्ञ+ता | कृतज्ञ हुनाको भाव वा अवस्था, आभारीपन | ७१ |
| ८ | क्षमता | नाम | क्षम + ता | कुनै काम गर्न सक्ने योग्यता, शक्ति, तागत | ७० |
| ९ | क्षति | नाम | क्षण्+ ति | हानी, नोक्सानी, खति | ७१ |
| १० | गम्भीर | विशेषण | गम्+ईर | गहिरो, शान्त, धीर, विचारपूर्ण | ७१ |
| ११ | गर्व | नाम | गृ+व | गौरव, औचित्यपूर्ण, अहम भावना | ६९ |
| १२ | गुरु | नाम | गुर्+उ | शिक्षक, अध्यापक, वेदमन्त्र सुनाउने आचार्य | ७१ |
| १३ | चेतना | नाम | चित् + अन | प्राणीमा रहने वुद्धितत्व, ईश्वर, परमात्मा | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | तन | नाम | मूल शब्द | शरीर तनु | ६९ |
| १५ | तालिका | नाम | ताल + इका | कुनै तथ्य, तथ्याङ्क, आरेख आदिलाई क्रमबद्ध रुपमा मिलाएर राखेको विवरण | ६८ |
| १६ | दृश्य | विशेषण | दृश् + य | आँखाले देख्न तथा हेर्न सकिने, वरिपरि देखिएको | ७० |
| १७ | ध्यान | नाम | ध्यै + न | एकाग्रता, तल्लीनता | ६८ |
| १८ | नदी | नाम | नद + ई | सरिता, ठुलो खोलो | ७० |
| १९ | नम्र | विशेषण | नम् + र | निहुरेको, नुहेको, विनीत | ७१ |
| २० | प्रक्रिया | नाम | प्र + क्रिया | तरिका, रीति, ढङ्ग | ६८ |
| २१ | प्रतिस्पर्धात्मक | विशेषण | प्रति + स्पर्धा+ आत्म+ क/ प्रति+ स्पर्धा + आत्मक/ प्रतिस्पर्धा + आत्मक | प्रतिर्स्धा हुने, प्रतियोगितात्मक | ७० |
| २२ | प्रदर्शन | नाम | प्र+दर्शन | देखाउने वा चिनाउने काम | ७१ |
| २३ | प्रश्न | नाम | प्रच्छ् + न | सोध्ने काम, सोधाई | ६९ |
| २४ | प्रहार | नाम | प्र + हार | मुक्का, लठ्ठी, हतियार आदिले हान्ने काम | ६९ |
| २५ | भाव | नाम | भू + अ | अस्तित्व, मानसिक, विचार | ७१ |
| २६ | भावुक | विशेषण | भू + उक | कुनै कुराको सोच विचार गर्ने, कोमल मन भएको | ७० |
| २७ | रमिता | नाम | रम्+इत+आ | रमाइलो, तमासा | ७० |
| २८ | रुचि | नाम | रुच् + ई | इच्छा, चाहना, चाख | ६८ |
| २९ | बर्ष | नाम | वृष् + अ | बाह्र महिनाको समय, साल | ६९ |
| ३० | विजय | नाम | वि + जय / वि+जि+अ | जित्ने काम, हराउने काम | ६९ |
| ३१ | विद्यार्थी | नाम | विद्या + अर्थी | विद्या आर्जन गर्ने व्यक्ति | ६८ |
| ३२ | विद्यालय | नाम | विद्या + आलय | पाठशाला, विद्यागृह | ६८ |
| ३३ | विषय | नाम | वि + सय | वर्णनीय, वस्तु, पदार्थ, तत्व, कार्य वा व्यवहार | ६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | शरीर | नाम | शृ+ ईर | देह, जिउ, अङ्गप्रत्यङ्ग मिलेर बनेको प्राणीको आकृति | ७० |
| ३५ | शक्ति | नाम | शक + ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता, बल, सामर्थ्य | ६९ |
| ३६ | शिक्षक | नाम | शिक्ष् + अक | शिक्षा दिने व्यक्ति, अध्यापक | ७० |
| ३७ | सम्पूर्ण | विशेषण | सम् + पूर्ण | सबै, तमाम | ६९ |
| ३८ | सहमति | नाम | सह + मति | राय मिलेको अवस्था, मञ्जुरी, स्वीकृति | ६९ |
| ३९ | सुमन | नाम | सु + मन् + अ | पुष्प, राम्रो दिल, स्वच्छ मन | ६९ |
| ४० | सुरेश | नाम | सुर + ईश | सुरपति, देवेन्द्र, सुरेन्द्र | ६९ |
| ४१ | स्वर | नाम | स्वृ+ अ/स्वर् + अ | आवाज | ७१ |
| ४२ | स्वर्ण पदक | नाम | स्वर्णको पदक (स) | खेल तथा परीक्षामा प्रदान गरिने प्रथम पुरस्कार, सुनको पदक सहितको प्रथम पुरस्कार | ६९ |

यस कथामा जम्मा ८६८ शब्दहरू समाविष्ट छन् । तीमध्ये तत्सम शब्दहरू ४२ वटा मात्र छन् । अरु शब्दको अनुपातमा तत्सम शब्दको सङ्ख्या ४.८३% रहेको छ । पदवर्गका हिसावले हेर्दा नामको सङ्ख्या ३४ र विशेषणको सङ्ख्या ८ छ ।

**ठग समातियो**

कथाकार विजय चालिसेद्वारा लिखित **'ठग समातियो'** विद्यालय स्तरका बालबालिका र तिनका अभिभावकलाई ठगहरूबाट सचेत तुल्याउने आधुनिक कथा हो । तिनीहरूलाई बनोट, वर्ग, अर्थ र पृष्ठका आधारमा निम्नानुसार देखाइएको छ :-

| क्र.सं. | शब्द | वर्ग | बनोट | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अवस्था | नाम | अव + स्था | स्थिति, वस्तुस्थिति | १०३ |
| २ | उपचार | नाम | उप + चर + अ / उप + चार | रोग निको पार्ने उपाय, इलाज | १०४ |
| ३ | औषधी | नाम | औषध + ई | ओखती | १०४ |
| ४ | चिन्तित | विशेषण | चिन्ता + इत | चिन्तामा डुबेको | १०३ |
| ५ | तेज | नाम | तेज् + अ | कुनै पनि वस्तुमा देखिने ज्योति, चमक, बल, फुर्ती, पराक्रम | १०३ |
| ६ | ध्यान | नाम | ध्यैन + न | एकाग्रता, तल्लीनता | १०५ |
| ७ | रमेश | नाम | रमा + ईश/ राम + ईश | ईश्वर, परमात्मा (व्यक्तिको नाम) | १०४ |
| ८ | विक्रम | नाम | वि + क्रम् + अ | पराक्रम, बहादुरी (व्यक्तिको नाम) | १०३ |
| ९ | विकास | नाम | वि + कस् + अ | उन्नति, समृद्धि | १०४ |
| १० | विराज | नाम | वि + राज् + अ | बसेको, राम्ररी बसेको (व्यक्तिको नाम) | १०३ |
| ११ | शङ्का | नाम | शङ्क + आ | सन्देह, दोधार | १०४ |
| १२ | समय | नाम | सम्+इ+अ | काल, बेला, अवसर, मौका | १०४ |
| १३ | स्वर | नाम | स्वृ+अ/स्वर + अ | आवाज | १०३ |

यस कथामा जम्मा ६६७ वटा शब्दहरू समाविष्ट छन् । तीमध्ये १३ वटा शब्दहरू तत्सम छन् । पदवर्गका दृष्टिले ती मध्ये पनि १२ वटा नाम र १ वटा विशेषण रहेका छन् अरु शब्दका तुलनामा तत्सम शब्दको सङ्ख्या १.९% रहेको छ । यस कथामा तत्सम शब्दहरू न्यून रुपमा रहेका छन् ।

**सिंह र स्यालको कथा**

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा लेखक तथा सम्पादक डा.रामचन्द्र लम्साल अनि रामप्रसाद ज्ञवालीद्वारा संकलित **सिंह र स्यालको कथा** कथा विश्वबन्धुत्व र भाइचाराको पाठ सिकाउने लोक कथा हो । यसमा सिंह र स्याल जस्ता हिंस्रक जनावरका माध्यमबाट मित्रवत् व्यवहार देखाइएको छ । यसलाई वर्ग, बनोट अर्थ तथा पृष्ठका दृष्टिले निम्नानुसार वर्गीकरण गरिएको छ :-

| **क.सं.** | **शब्द** | **वर्ग** | **बनोट** | **अर्थ** | **पृष्ठ** |
|---|---|---|---|---|---|
| १ | अवस्था | नाम | अव+ स्था | स्थिति परिवेश | १२८ |
| २ | अविश्वास | नाम | अ + विश्वास | विश्वास नभएको | १३० |
| ३ | आक्रोश | नाम | आ + क्रुस + अ/आ + क्रोश | रिसले कठोर शब्दमा गरिने गाली | १२९ |
| ४ | आनन्द | नाम | आ + नन्द् + अ | हर्षा, खुशी, प्रफुल्लता, सुख | १२८ |
| ५ | आश्चर्य | नाम | आ + चर्+य | चमत्कारपूर्ण, अद्‌भूत, विस्मय, अचम्म | १२७ |
| ६ | कर्तव्य | नाम | कृ+ तव्य | गर्नुपर्ने काम, दायित्व | १२७ |
| ७ | कथा | नाम | कथ् + आ | घटना वा आख्यान भएको रचना, कहानी | १२७ |
| ८ | कुल | नाम | कुल + अ | वंश, सन्तान, गोत्र | १२८ |
| ९ | क्षितिज | नाम | छिति + जन्+अ | अन्तरिक्ष | १२७ |
| १० | चकित | विशेषण | चक् + इत | छक्क परेको, आश्चर्य चकित भएको | १२७ |
| ११ | जन्मजात | विशेषण | जन्म + जात (मूल शब्द) | वंशानुगत, जन्मशिद्ध | १२८ |
| १२ | जीवनरक्षा | नाम | जीवनको रक्षा (स) | जीवनको रक्षा गर्ने काम | १२९ |
| १३ | धर्म | नाम | धृ+ मन् | सदाचार, पुण्यकर्म, सेवाभाव | १२८ |
| १४ | निराश | नाम | निर् + आश | आशा नभएको | १२९ |
| १५ | परिवार | नाम | परि + वार/परि+ वृ+ अ | एउटै घरमा बसी एउटै भान्सामा खाने जहान, एउटै वर्ग वा समुह | १२८ |
| १६ | परिस्थिति | नाम | परि + स्थिति | वर्तमान स्थिति, अवस्था | १३० |
| १७ | प्रिया | नाम | प्री + आ/प्रिय + आ | प्रिय स्त्री, प्रियतमा | १२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | ब्रह्मचारी | नाम | ब्रह्म + चर + ई/ब्रह्म + आ + चर + ई | ब्रह्मचर्य पालना गर्ने पुरुष योगी | १२७ |
| १९ | बालक | नाम | बाल + क | शिशु, बच्चा, केटाकेटी | १२७ |
| २० | बाल्यकाल | नाम | बाल्य + काल | बालक अवस्था | १२८ |
| २१ | भोजन | नाम | भुज् + अन | खाने कुरा, खाने काम | १२७ |
| २२ | भिन्नता | नाम | भिन्न + ता | भिन्न चाहना भएको, अलग रुचि भएको | १२८ |
| २३ | मरण | नाम | मृ+ अन | मर्ने काम, जीवनको समाप्ति | १२८ |
| २४ | रुप | नाम | रु + प | सुन्दरता, लालित्य, लावण्य | १२९ |
| २५ | वीर | नाम | मूल शब्द | सुरो, आटिलो, बहादुर, कुनै पनि काममा पछि नहट्ने | १२९ |
| २६ | विहार | नाम | वि + हार | घुमफिर | १२७ |
| २७ | विद्वान् | विशेषण | विद् + वान् | धेरै ज्ञान भएको, तत्वज्ञ | १२७ |
| २८ | विदुषी | विशेषण | विद्वस् + ई | शिक्षित नारी | १२७ |
| २९ | विद्या | नाम | विद् + य + आ | विशिष्ट ज्ञान विज्ञान जान्ने काम | १२९ |
| ३० | विश्वास | नाम | वि + श्वस् + अ (धञ) | पत्यार वा भरोसा | १२७ |
| ३१ | विषय | नाम | वि + सय | वर्णनीय वस्तु | १२८ |
| ३२ | वृत्तान्त | नाम | वृत्त + अन्त | कुनै वस्तु बिषय, घटना आदिको विस्तृत विवरण, वेली विस्तार | १२९ |
| ३३ | व्यवस्था | नाम | वि + अव +स्था | राम्रो प्रबन्ध गर्ने काम, राम्रो व्यवस्थापन | १२७ |
| ३४ | शरण | नाम | शृ+ अन | असहाय आदिलाई सुरक्षा दिने काम, आश्रय | १२८ |
| ३५ | शत्रु | नाम | शद् +त्रुन | रिपु, दुस्मन, वैरी | १२९ |
| ३६ | शारीरिक | नाम | शरीर+ इक | शरीर सम्बन्धी | १२८ |
| ३७ | शास्त्र | नाम | शास् + त्र | ज्ञान विज्ञान र चौसठ्ठी कला सम्बन्धी सबै शास्त्र | १२७ |
| ३८ | शौर्य | नाम | शूर + य | पराक्रम, शक्ति, वीरता | १२९ |
| ३९ | सत्य | नाम | सत् + य (यत्) | साचो, वास्तविक, यथार्थ, इमान्दार | १२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | सनातन | विशेषण | सदा + तन (मूल शब्द) | धेरै अघिदेखि चलि आएको | १२७ |
| ४१ | सन्तान | नाम | सम् + तन् + अ | छोराछोरी, सन्तति, वंश | १२८ |
| ४२ | समर्थन | नाम | सम् + अर्थ + अन | पुष्टि गर्ने काम | १२७ |
| ४३ | समय | नाम | सम्+ इ+ अ | काल, बेला | १३० |
| ४४ | संरक्षण | नाम | सम् + रक्ष् + अन | सुरक्षा गर्ने काम | १३० |
| ४५ | सिंह | नाम | सिच्+ अ (क) | बाघ भन्दा शक्तिशाली हिंसक जनावर, मृगेन्द्र | १२७ |
| ४६ | सूर्य | नाम | सृ + अ | प्रभाकर, दिवाकर, भाष्कर, घाम | १२७ |
| ४७ | हत्या | नाम | हत्+ य+ आ | कसैलाई मार्ने काम, हिंसा | १२८ |
| ४८ | हठात् | क्रिया विशेषण | हठ + आत् | एक्कासी, अकस्मात् | १२८ |

यस कथामा जम्मा ७०२ शब्दहरू समावेश छन् । त्यसमध्ये ४८ शब्द तत्सम रहेका छन् र सम्पूर्ण शब्दको अनुपातमा तत्सम् शब्दहरूको सङ्ख्या ६.८३% रहेको छ । यसमा पनि शब्दवर्गका हिसाबले नाम ४१, विशेषण ६, क्रियाविशेषण १ रहेका छन् ।

**स्वाभिमान**

चेतन वाशिष्ठद्वारा लिखित **स्वाभिमान** ऐतिहासिक कथा हो । यसमा देशको अखण्डता र सार्वभौमिकतामा स्वाभिमानी नेपालीको बहादुरीलाई उल्लेख गरिएको छ । यसलाई शब्द, वर्ग, बनोट, अर्थ तथा पृष्ठको वर्गीकरण निम्नानुसार गरिएको छ :-

| क.सं. | शब्द | वर्ग | बनोट | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अनुसार | नामयोगी | अनु+ सार | मुताबिक, माफिक, बमोजिम | १५९ |
| २ | अन्तिम | विशेषण | अन्त + इम | सबैभन्दा पछिको, पछिल्लो | १५८ |
| ३ | अन्त्य | विशेषण | अन्त + य | समाप्ति | १५६ |
| ४ | अपमान | नाम | अप + मान | कसैलाई गरिने हेला तिरस्कार | १५९ |
| ५ | आत्मबल | नाम | आत्म + बल (स) | आत्मामा निहीत बल, मानसिक शक्ति | १५८ |
| ६ | आन्तरिक | विशेषण | अन्तर + इक | भित्रको, भित्री | १५९ |
| ७ | उक्त | विशेषण | उच् + त/वच् + क्त (त) | माथिको, भनिएको, वर्णन गरिएको | १५८ |
| ८ | उग्र | विशेषण | उच्+ रन् (ग) | क्रुरतापूर्ण व्यवहार भएको, डरलाग्दो, भयङ्कारी | १५६ |
| ९ | उत्कृष्ट | विशेषण | उत्+ कृष्ट | सबभन्दा राम्रो, असल | १५६ |
| १० | उत्तराधिकारी | विशेषण | उत्तर+ अधिकार+ ई | उत्तराधिकार पाउने, हकवाला | १५८ |
| ११ | उपयुक्त | विशेषण | उप+ युज्+अ | उचित, मनासिब | १५७ |
| १२ | उपाय | नाम | उप+ इ+अ | युक्ति, प्रयास | १५७ |
| १३ | उद्देश्य | नाम | उत् +दिश् +य | कामका लागि लिइने लक्ष्य, धेय | १५९ |
| १४ | एकीकरण | नाम | एक+ ई+ करण | दुई वा दुईभन्दा बढी व्यक्ति, वस्तु, संस्था, राज्य आदिलाई मिलाएर एक बनाउने काम | १५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | कठोर | विशेषण | कठ्+ ओर | गाह्रो, कठिन, कडा | १५६ |
| १६ | कदापि | क्रिया विशेषण | कदा + अपि | कहिल्यै, कुनै बखतमा पनि | १५९ |
| १७ | कर्म | नाम | कृ+म | कार्य, काम | १५७ |
| १८ | कल्पना | नाम | कल्प+ अन+ आ | संरचना, सुक्ष्मरचना, तर्क, अनुमान | १५७ |
| १९ | कुटनीति | नाम | कुट +नीति | गुप्त चाल, पारस्परिक व्यवहारमा दाउपेच गर्ने नीति | १५८ |
| २० | क्रुद्ध | विशेषण | क्रुध्+ न | रिसाएको | १५९ |
| २१ | ख्याति | नाम | ख्या+ ति | प्रसिद्ध, नाम चलेको | १५६ |
| २२ | गुह्य | विशेषण | गुह् +य | गोप्य, छिपाउनुपर्ने, लुकाउन लायक | १५७ |
| २३ | तत्काल | क्रिया विशेषण | तत्+ काल | त्यसैबेला | १५९ |
| २४ | दण्ड | नाम | दण्ड्+ अ | सजाय, जरिवाना, यातना | १५७ |
| २५ | दाम | नाम | दा +म | रुपियाँ, पैसा | १५७ |
| २६ | निरन्तर | विशेषण | निर्+ अन्तर | बिचमा नटुटेको, लगातार, व्यावधान नभएको | १५८ |
| २७ | निर्माण | नाम | निर्+ मान | बनाउने काम, सिर्जना गर्ने काम | १५८ |
| २८ | नीति | नाम | नी +ति | नियम, आचार वा विधि | १५८ |
| २९ | नेपाल | नाम | ने +पाल | एसियाको एक स्वतन्त्र राष्ट्र | १५६ |
| ३० | पक्ष | नामयोगी | पक्ष्+ अ | तिर, तर्फ, पट्टि | १५९ |
| ३२ | पत्र | नाम | पत् +त्र | चिठी | १५८ |
| ३२ | पण्डित | नाम | पण्डा+ इत | शास्त्रको तात्पर्य, राम्ररी बुझेको विद्वान व्यक्ति | १५९ |
| ३३ | पराजित | विशेषण | परा +जित | युद्ध खेल प्रतियोगिता आदिमा हारेको | १५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | परिस्थिति | नाम | परि +स्थिति | कुनै वस्तु घट्ना, कार्य आदिको पृष्ठभूमि, परिवेश वा वातावरण | १५९ |
| ३५ | पश्चिम | नाम | पश्च+ इम | पूर्वको विपरित दिशा, चन्द्र, सूर्य अस्ताउने क्षेत्र | १५८ |
| ३६ | पूर्व | विशेषण | पूर्व् +अ | पहिलेको, अघिल्लो | १५६ |
| ३७ | प्रबल | विशेषण | प्र +बल | प्रशस्त बल भएको, ज्यादै बलियो बलवान | १५८ |
| ३८ | प्रयोग | नाम | प्र +योग/प्र+युज्+ अ (घञ्) | कुनै पनि कुरा व्यवहारमा ल्याउने काम, उपयोग | १५७ |
| ३९ | प्रतिक्रिया | नाम | प्रति+क्रिया | कुनै कार्य वा घटना भएपछिको कार्य | १५६ |
| ४० | प्रारम्भिक | विशेषण | प्रारम्भ+ इक/प्र+आरम्भ+ इक | कुनै कामको सुरु भएको बेलाको थालनी | १५८ |
| ४१ | भिन्न | विशेषण | भिद् +न | पृथक, अलग, छुट्टिएको | १५६ |
| ४२ | भू-भाग | नाम | भू+ भाग (स) | पृथ्वीको खण्ड | १५६ |
| ४३ | भेद | नाम | भिद्+ अ | भिन्नता, विभेद, एकअर्कामा हुने विरोध वा फाटो | १५७ |
| ४४ | महत्वपूर्ण | विशेषण | महत्व+पूर्ण/महत्+त्व+ पूर्ण | महत्व भएको | १५६ |
| ४५ | महत्वाकाङ्क्षा | नाम | महत्व+आकाङ्क्षा (सन्धि) | उच्च लक्ष्य प्राप्त गर्ने महत्व वा चाहना | १५६ |
| ४६ | मात्र | क्रिया विशेषण | मा+त्र | केवल, खालि, एक्लै | १५९ |
| ४७ | मित्र | नाम | मिद्+त्र | इष्टमित्र, साथी | १५६ |
| ४८ | युद्ध | नाम | युध्+त (क्त) | लडाइँ, सङ्घर्ष | १५६ |
| ४९ | योजना | नाम | युज्+ अन+ आ | कुनै कार्य राम्ररी सम्पन्न गर्न निर्धारित कार्यक्रम | १५८ |
| ५० | राज्य | नाम | राजन्+ य | कुनै ठुलो राष्ट्र अन्तर्गत स्वायत्तशासनको अधिकार पाएको प्रदेश वा भाग | १५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | राजधानी | नाम | राज्+धान+ई/राज्+धा+अन्+ई | राज्य संचालन गर्ने मुख्य स्थान | १५८ |
| ५२ | राज्यविस्तार | नाम | राज्यको विस्तार (स) | राज्य बनाउने काम | १५८ |
| ५३ | रामनगर | नाम | रामको नगर (स) | रामको नगर, रामको सहर | १५४ |
| ५४ | राष्ट्र | नाम | राज्+ष्ट्रन् (त्र) | जनता र सरकार भएको खास क्षेत्र वा भुभाग | १५६ |
| ५५ | राष्ट्रघाती | विशेषण | राष्ट्र+घाती (स) | राष्ट्रको हत्यारो, राष्ट्र घातक | १५९ |
| ५६ | राष्ट्रवादी | विशेषण | राष्ट्र+वाद+ ई | आफ्नो राष्ट्रको उन्नति र हितलाई सर्वोपरि मान्ने विचार भएको | १५७ |
| ५७ | लोभ | नाम | लुभ्+अ | लालस, तृष्णा | १५६ |
| ५८ | वचन | नाम | वच्+ अन | बोली, वाणीी, कथन | १५७ |
| ५९ | वस्तुस्थिति | नाम | वस्तु+ स्थिति (स) | वास्तविक अवस्था, कुनै घटना बिषय वा कुराको यथार्थ स्थिति | १५७ |
| ६० | बाहुवल | नाम | वाहु+ बल (स) | पाखुरा चलाउने शक्ति, शारिरीक शक्ति | १५८ |
| ६१ | विकल्प | नाम | वि+ कल्प | एकभन्दा बढी बिषयवस्तु आदि छान्न पाउने सुविधा वा अवसर | १५९ |
| ६२ | विचार | नाम | वि+ चर्+अ/वि+ चार | चिन्तन, मनन, सोचाइ | १५९ |
| ६३ | विरोधी | विशेषण | विरोध+ई | विपक्षी | १५८ |
| ६४ | विवाद | नाम | वि+वाद | विचार विमर्स, छलफल | १५८ |
| ६५ | विशेषज्ञ | विशेषण | वि+शेष+ज्ञ/विशेष+ ज्ञ | कुनै बिषय विशेष रुपले जान्ने, अरुको भन्दा बढी ज्ञान भएको | १५८ |
| ६६ | विश्वस्त | विशेषण | वि+श्वस् +त | विश्वास भएको, पत्यार गर्न सकिने | १५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७ | विश्वव्यापी | विशेषण | विश्व+व्यापी/विश्व+वि+ अप्+ई | विश्वलाई ढाकेर रहेको | १५९ |
| ६८ | विस्तार | नाम | वि+स्तृ+अ | फैलाउने काम, फैलावट | १५७ |
| ६९ | व्यापार | नाम | वि+आ+पार | लाभका लागि मालसामान आदिको किनवेच, वाणिज्य | १५७ |
| ७० | व्यापारिक | विशेषण | व्यापार+इक | व्यापार सम्बन्धी | १५८ |
| ७१ | शक्तिशाली | विशेषण | शक्ति+शाली (मूलशब्द) | प्रशस्त शक्ति भएको, सामर्थ्य भएको | १५६ |
| ७२ | शान्त | विशेषण | शम्+ त | शान्ति भएको, सन्नाता छाएको, सुनसान | १५९ |
| ७३ | शिर | नाम | श्रि+अ/शृ+ अ | टाउको | १५९ |
| ७४ | शीतल | विशेषण | शीत+ल (लय्) | चिसो, ठण्डा, तुसारो | १५६ |
| ७५ | संगठन | नाम | सम्+ गठन | खास उद्देश्य वा कार्यका लागि व्यक्तिहरूद्वारा खोलिएको संस्था वा समिति | १५७ |
| ७६ | संगठित | विशेषण | सङ्गठन+इत/ सम्+गठित | संगठन भएको, संगठन गरिएको | १५९ |
| ७७ | सबलता | नाम | स +बल+ता | बल हुँदाको स्थिति, बलियोपना | १५८ |
| ७८ | सभा | नाम | सभ+आ | एक ठाउँमा भेला भएको जनसमुदाय | १५९ |
| ७९ | समयावधि | नाम | समय+अवधि | समयको अवधि वा सीमा | १५८ |
| ८० | समेत | नामयोगी | सम्+अ+इत | सहित, मिलेको, संयुक्त | १५७ |
| ८१ | समस्या | नाम | सम्+अस्+य+आ | कुनै कुराको कठिन अवस्था | १५९ |
| ८२ | समुन्नति | नाम | सम्+उन्नति | राम्रो उन्नति, समान रुपको प्रगति | १५८ |
| ८३ | सम्पर्क | नाम | सम्+पृच्+अ | भेटघाट, घुलमिल, सम्बन्ध राख्ने काम | १५८ |
| ८४ | संसार | नाम | सम्+सृ+अ | विश्व, लोक, भुवन | १५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८५ | सहयोग | नाम | सह+योग | कसैलाई गरिने मद्दत | १५८ |
| ८६ | सहयोगी | विशेषण | सह+योग+ई | सहयोग गर्ने व्यक्ति, सहायता गर्ने मानिस | १५६ |
| ८७ | साम | नाम | सा+म | मिठो बोलेर आफ्नो पार्ने काम | १५७ |
| ८८ | साम्राज्य | नाम | सम्+राज्+य | धेरै राज्यहरू मिलेर बनेको ठूलो राज्य | १५६ |
| ८९ | सिमाना | नाम | सीमा+ना | कुनै देश वा खास क्षेत्रको साँध | १५८ |
| ९० | सिर्जना | नाम | सृज्+अन+आ | कुनै मौलिक वस्तु कृति आदि बनाउने काम | १५८ |
| ९१ | सीमा | नाम | सि +मन्+आ | सिमाना, साँध | १५८ |
| ९२ | सीमित | विशेषण | सीमा+इत | सीमामा बाँधिएको, तोकिएको, थोरै | १५८ |
| ९३ | सुन्दर | विशेषण | सुन्द्+अर | राम्रो, मनोहर | १५६ |
| ९४ | सूचना | नाम | सूच्+अन+आ | जानकारी दिने काम, खबर दिने काम | १५८ |
| ९५ | सूचित | विशेषण | सूचना+इत | सूचना गरिएको | १५८ |
| ९६ | सूर्य | नाम | सृ+य | घाम, भाष्कर, दिवाकर, प्रभाकर | १५६ |
| ९७ | सैनिक | नाम | सेना+इक | सेना सम्बन्धी | १५६ |
| ९८ | सैनिक सेवा | नाम | सेनाले गर्ने सेवा (स) | सेना सम्बन्धी सेवा | १५६ |
| ९९ | स्थिति | नाम | स्था+ति | अवस्था, स्वभाव, प्रकृति | १५८ |
| १०० | स्वतन्त्रता | नाम | स्वतन्त्र+ता | स्वतन्त्र हुँदाको अवस्था वा परिवेश | १५९ |
| १०१ | स्वभाव | नाम | स्व+भाव/आफ्नो भाव (स) | आफ्नो निजी भाव वा प्रकृति | १५६ |
| १०२ | स्वाभिमान | नाम | स्व+अभिमान | चाहिँदो घमण्ड | १५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०३ | स्वरुप | क्रिया विशेषण | स्व+रुप (स) | किसिमले, तवरसँग, रुपमा | १५८ |
| १०४ | स्वास | नाम | श्वस् +अ | स्वास लिने र छाड्ने क्रिया | १५६ |

यस कथामा शब्द सङ्ख्या जम्मा ८८९ रहेका छन् भने तत्सम् शब्दहरूको सङ्ख्या १०४ छ । अनुपातिक दृष्टिले तत्सम शब्दको सङ्ख्या ११.६८ प्रतिशत देखिन्छ । पदवर्गमा विभाजित गर्दा यिनीहरू मध्ये नाम ६४, विशेषण ३३, क्रियाविशेषण ४ र नामयोगी ३ रहेका छन् ।

**शब्दवर्ग**

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा रहेका ६ वटा कथाहरूमा प्रयोग भएका जम्मा ३५६ तत्सम शब्दहरूलाई शब्दवर्गमा विभाजन गरेर तालिकामा वर्गीकरण गरिएको छ । कथामा परेका शब्दका शब्दवर्गहरू बाहेक अन्य शब्दवर्ग तालिकामा देखाउन आवश्यक नभएकोले देखाइएको छैन् । यिनीहरूलाई तालिकामा देखाउँदा :

**तालिका ३** कथा विधामा प्रयुक्त तत्सम शब्दवर्ग र तिनको सङ्ख्या

| **क्र.सं** | **कथा** | **नाम** | **विशेषण** | **क्रिया विशेषण** | **नामयोगी** | **क्रियायोगी** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १. | भाग्य | १६ | ७ | १ | – | – | २४ |
| २. | मित्रता | ९९ | २३ | २ | – | १ | १२५ |
| ३. | एउटा घटना | ३४ | ८ | – | – | – | ४२ |
| ४. | ठग समातियो | १२ | १ | – | – | – | १३ |
| ५. | सिंह र स्यालको कथा | ४१ | ६ | १ | – | – | ४८ |
| ६. | स्वाभिमान | ६४ | ३३ | ४ | ३ | – | १०४ |
| | कुल जम्मा | २६६ | ७८ | ८ | ३ | १ | ३५६ |

कथामा ३५६ वटा तत्सम शब्दहरूमा सबै भन्दा बढी नाम शब्द परेका छन् । तिनीहरूको सङ्ख्या २६६ रहेको छ । त्यसैगरी सङ्ख्यात्मक रुपले दोस्रो स्थानमा रहेको शब्दवर्ग विशेषण हो जस्को सङ्ख्या ६८ छ भने क्रिया विशेषणको सङ्ख्या ८ छ । त्यसैगरी नामयोगी ३ र क्रियायोगी १ मात्र रहेका छन ।

**व्युत्पत्ति**

कथामा प्रयोग भएका तत्सम शब्दहरूलाई बनोटका आधारमा हेर्दा सबैभन्दा बढी प्रत्यय लागेका शब्दहरू रहेका छन् । यिनीहरूलाई तालिकीकरण निम्नानुसार गरिएको छ :-

**तालिका** ४ कथा विधामा प्रयुक्त तत्सम व्युत्पन्न शब्द र तिनको सङ्ख्या

| क्र.सं | कथा | मूल शब्द | व्युत्पन्न शब्द | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | उपसर्ग | प्रत्यय | समास | दित्त्व | सन्धि | |
| १. | भाग्य | – | ८ | २१ | – | – | – | २९ |
| २. | मित्रता | १ | ४१ | ८१ | १३ | – | ७ | १४३ |
| ३. | एउटा घटना | २ | १० | २९ | २ | – | ३ | ४७ |
| ४. | ठग समातियो | – | ६ | ११ | – | – | १ | १८ |
| ५. | सिंह र स्यालको कथा | २ | १६ | ३५ | ३ | – | – | ५७ |
| ६. | स्वाभिमान | २ | २१ | ४७ | ८ | – | ३ | ८१ |
| | कुल जम्मा | ७ | १०२ | २२४ | २६ | – | १४ | ३७५ |

यिनीहरूको सङ्ख्या २२४ छ । दोस्रो सङ्ख्यात्मक रुपमा उपसर्ग प्रयोग भएका छन् । यिनीहरूको सङ्ख्या १०२ छ । त्यसैगरी कथामा प्रयोग भएका समस्त शब्दको सङ्ख्या २६ र सन्धिको सङ्ख्या १४ छ भने मूल शब्द ७ वटा छन् ।

**उपसर्ग**

यसरी कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू अन्य शब्दको तुलनामा मिश्रित रुपमा रहेका छन् । कुनै कथामा तत्सम शब्दहरू प्रशस्तै छन् भने कुनै कथामा तत्सम शब्दको सङ्ख्या न्युन रहेको छ । **मित्रता** र **स्वाभिमान** कथामा तत्सम शब्दहरूको सङ्ख्या क्रमश : ११.३२% र ११.६९% रहेको छ । **भाग्य** कथामा २.९३%, **एउटा घटना**मा ४.८३% अनि **सिहं र स्यालको कथा** कथामा ६.८३% रहेको छ । त्यसै गरी **ठग समातियो** कथामा तत्सम शब्दको सङ्ख्या १.९% रहेको छ । अरु शब्दको तुलनामा **ठग समातियो** कथामा तत्सम शब्दको सङ्ख्या अत्यन्तै न्युन छ ।

६ वटै कथा रहेका तत्सम शब्दहरूलाई वर्णानुक्रमको आधारमा पदवर्ग, बनोट, अर्थ र पृष्ठ सहित विश्लेषण गरिएको छ । पदवर्गको विश्लेषणका आधारमा अध्ययन गर्दा नाम शब्दहरू अधिक, विशेषण

शब्दको सङ्ख्या सामान्य छ भने क्रिया विशेषण, क्रियायोगी र नामयोगीको सङ्ख्या न्युन छ । यस बाहेक अन्य पदवर्गका शब्दहरू प्रयोग भएको पाइएन । कतिपय तत्सम शब्दहरू कथामा दोहोरिएका छन्, तिनीहरूलाई एउटा शब्दको मात्र एउटा कथामा विश्लेषण गरिएको छ । एउटै शब्द अन्य कथामा पनि आएको सन्दर्भमा त्यसको विश्लेषण प्रत्येक कथामा गरिएको छ । कथामा रहेका तत्सम शब्दहरूलाई उपसर्गका आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी **वि** उपसर्गका शब्दहरू रहेका छन् जसको सङ्ख्या २२ छ । दोस्रो स्थानमा बढी प्रयोग भएको उपसर्ग **सम** हो जुन १६ शब्दहरूमा आएको छ । तेस्रो स्थानमा प्रयोग भएको **प्र** उपसर्गको सङ्ख्या १२ छ । सबैभन्दा कम स्थानमा प्रयोग भएका उपसर्गहरू **अनु**, **अन्**, र **निस्** हुन जुन १-१ स्थानमा आएका छन् । कतिपय उपसर्गहरू कथामा प्रयोग भएका छैनन् । जम्मा प्रयोगमा आएका उपसर्गहरू १९ वटा मात्र छन् । यिनीहरू १०१ स्थानमा प्रयोग भएका छन् । यी प्रयोग भएका उपसर्ग र तिनको आवृत्ति सङ्ख्या समेत विश्लेषण गरी वर्णानुक्रमअनुसार तालिकामा राख्दा -

**तालिका नं ५** कथा विधामा प्रयुक्त तत्सम शब्दका उपसर्ग र तिनको सङ्ख्या

| **क्र. सं.** | **उपसर्ग** | **सङ्ख्या** |
|---|---|---|
| १ | अ | ५ |
| २ | अप | २ |
| ३ | अभि | ३ |
| ४ | अनु | १ |
| ५ | अव | २ |
| ६ | अन् | १ |
| ७ | आ | ५ |
| ८ | उप | ४ |
| ९ | उत् | ४ |
| १० | नि | २ |
| ११ | निर् | ३ |
| १२ | निस् | १ |
| १३ | परा | २ |
| १४ | परि | ६ |
| १५ | प्र | १२ |
| १६ | प्रति | ६ |
| १७ | वि | २२ |
| १८ | स | २ |
| १९ | सु | २ |
| २० | सम् | १६ |
| | जम्मा | १०१ |

**प्रत्यय**

कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा रहेका तत्सम शब्दहरूको प्रत्ययका आधारमा विश्लेषण गर्दा ६ वटा कथामा जम्मा प्रयोग भएका प्रत्ययहरूको सङ्ख्या २२४ रहेको छ । यिनीहरू मध्ये ४६ प्रकारका प्रत्ययहरू कथामा छन् । सबै भन्दा बढी प्रयोग भएको प्रत्यय **अ** हो जसको सङ्ख्या ५९ छ भने दास्रो स्थानमा प्रयोग भएको प्रत्यय **आ** छ, जुन २२ स्थानमा प्रयोग छ । त्यसै गरी तेस्रो स्थानमा **य** प्रत्यय १७ पटक प्रयोग भएको छ । सबै भन्दा कम प्रयोग भएका प्रत्ययहरू **अन्त**, **आत्**, **इका**, **इन्**, **उक**, **उन**, **ओर**, **कार**, **ज्ञ**, **ज्ञा**, **तव्य**, **त्र**, **त्रन्**, **थ**, **ना**, **नी**, **मन्**, र **रन्** (ग), **ल**, **वान्**, **शः**, **स्थामन्** छन् । यिनीहरू एक एक स्थानमा मात्र प्रयोग भएका छन् । कतिपय प्रत्ययहरू नेपाली शब्दकोश तथा तत्सम शब्दकोशबाट लिइएकोले तिनीहरू नेपालीकरण गरिएका छन् । तर नेपाली शब्दकोशमा नपाइएका कतिपय शब्दहरू संस्कृत शब्दकोशबाट लिइएकोले ती प्रत्ययहरू संस्कृत नै रहेका छन् । यिनीहरूलाई निम्न तालिकामा देखाइएको छ :-

**तालिका नं ६** कथा विधामा प्रयुक्त तत्सम शब्दका प्रत्यय र तिनको सङ्ख्या

| क्र.सं. | प्रत्यय | सङ्ख्या | | क्र.सं. | प्रत्यय | सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | अ | ५९ | | २४ | त | १० |
| २ | अक | २ | | २५ | तव्य | १ |
| ३ | अन | ८ | | २६ | ता | १० |
| ४ | अन् | ७ | | २७ | ति | ८ |
| ५ | अन्त | १ | | २८ | त्र | ६ |
| ६ | अर | २ | | २९ | त्रुन् | १ |
| ७ | आ | २२ | | ३० | थ | १ |
| ८ | आत् | १ | | ३१ | न | ७ |
| ९ | इक | ३ | | ३२ | ना | १ |
| १० | इका | १ | | ३३ | नी | १ |
| ११ | इत | ७ | | ३४ | प | १ |
| १२ | इन् | १ | | ३५ | म | ४ |
| १३ | इम | २ | | ३६ | मन् | १ |
| १४ | ई | १२ | | ३७ | मान | १ |
| १५ | ईर | ३ | | ३८ | य | १७ |
| १६ | उ | २ | | ३९ | र | १ |
| १७ | उक | १ | | ४० | रन् (ग) | १ |
| १८ | उन | १ | | ४१ | ल | १ |
| १९ | ओर | १ | | ४२ | व | २ |
| २० | क | ५ | | ४३ | वान् | १ |
| २१ | कार | १ | | ४४ | शः | १ |
| २२ | ज्ञ | १ | | ४५ | स्थामन् | १ |
| २३ | ज्ञा | १ | | ४६ | स्थ | २ |
| | | | | | जम्मा | २२४ |

**मूल शब्द**

कक्षा आठको नेपाली पाठ्यपुस्तकको छ वटा कथा विधामा प्रयुक्त ३५६ तत्सम शब्दमध्ये जम्मा मूल शब्दको सङ्ख्या ७ मात्र छ । यो अत्यन्तै न्यून हो । यी शब्दहरू निम्नानुसार रहेका छन् ।

**तालिका नं ७** कथा विधामा प्रयुक्त तत्सम मूल शब्द र तिनको सङ्ख्या

| **क्र.सं.** | **तत्सम मूल शब्द** |
|---|---|
| १ | अलप |
| २ | तन |
| ३ | द्रुपद |
| ४ | नेपाल |
| ५ | वीर |
| ६ | शक्तिशाली |
| ७ | सनातन |
| | जम्मा – ७ |

**समास (समस्त शब्द)**

कक्षा आठको नेपाली पाठ्यपुस्तकको छ वटा कथा विधामा प्रयुक्त ३५६ तत्सम शब्दमध्ये जम्मा समस्त शब्दको सङ्ख्या २६ रहेको छ, ती निम्नानुसार छन् :

**तालिका नं ८** कथा विधामा प्रयुक्त तत्सम समस्त शब्द र तिनको सङ्ख्या

| क्र.सं. | तत्सम समस्त शब्द |
|---|---|
| १ | अङ्कमाल |
| २ | आत्मवल |
| ३ | आश्चर्यचकित |
| ४ | गुरुकुल |
| ५ | जन्मजात |
| ६ | जीवनरक्षा |
| ७ | धनुर्विद्या |
| ८ | परशुराम |
| ९ | प्रयोगशाला |
| १० | बाल्यकाल |
| ११ | भूभाग |
| १२ | महत्त्वपूर्ण |
| १३ | युधिष्ठिर |
| १४ | राजकुमार |
| १५ | रामनगर |
| १६ | राज्यविस्तार |
| १७ | वचनबद्धता |
| १८ | वस्तुस्थिति |
| १९ | शस्त्रास्त्र |
| २० | सहमति |
| २१ | सुखभोग |
| २२ | सर्वस्व |
| २३ | सिंहासन |
| २४ | सैनिक सेवा |
| २५ | स्वभाव |
| २६ | स्वर्णपदक |
| | जम्मा – २६ |

**सन्धि**

कक्षा आठको नेपाली पाठ्यपुस्तकको छ वटा कथा विधामा प्रयुक्त ३५६ तत्सम शब्दमध्ये सन्धियुक्त शब्दहरू १४ रहेका छन् । यिनीहरूलाई निम्नानुसार राखिएको छ :-

**तालिका नं ९** कथा विधामा प्रयुक्त सन्धियुक्त तत्सम शब्द र तिनको सङ्ख्या

| **क.सं.** | **सन्धियुक्त तत्सम शब्द** |
|---|---|
| १ | उत्तराधिकारी |
| २ | नरेश |
| ३ | पितामह |
| ४ | भाग्योदय |
| ५ | महत्त्वकाङ्क्षा |
| ६ | महेन्द्र |
| ७ | महोदय |
| ८ | युद्धर्षि |
| ९ | रमेश |
| १० | विद्यालय |
| ११ | विद्यार्थी |
| १२ | सर्वोत्तम |
| १३ | सुरेश |
| १४ | स्वाभिमान |
| | जम्मा – १४ |

## अध्याय - पाँच

### सारांश

**कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**का क्रममा पहिलो अध्यायमा भाषाका विषयमा विभिन्न विद्वानहरूले दिएको परिभाषाका साथै भाषाको परिचय दिइएको छ। यसका साथै स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दको सन्दर्भमा स्पष्ट पारिएको छ । संस्कृत भाषाबाट नेपाली भाषामा आएर जस्ताको तस्तै प्रयोग भएका शब्दहरू तत्सम शब्द भएको र संस्कृत प्राकृत हुदै नेपालीमा आएर प्रयोग भएका शब्दहरू तद्भाव हुन् भने अन्य भाषाबाट नेपाली भाषामा आएर प्रयोग भएका शब्दहरू आगन्तुक शब्द भनेर विश्लेषण गरिएको छ ।

यो शोध कार्यको अध्ययन गर्ने क्रममा समस्यालाई चार वटा बुँदामा प्रस्तुत गरिएको छ । ती बुँदाहरूमा कक्षा आठको कथा विधामा प्रयुक्त तत्सव शब्द के कस्ता छन्? तिनीहरूको निर्माण प्रक्रिया कस्तो छ? तिनीहरू कुन कुन शब्दवर्गमा समेटिएका छन्? तिनीहरूको सङ्ख्यात्मक स्थिति कस्तो छ? जस्ता समस्याको समाधान अध्याय चारमा विस्तृत रुपमा चर्चा गरिएको छ । यसका साथै यो अध्ययनको औचित्य र यसको सीमा समेत पहिलो अध्यायमा स्पष्ट पारिएको छ ।

दोस्रो अध्यायमा विभिन्न विद्वान् तथा शोधार्थीहरूले तत्सम् शब्दहरूका विषयमा गरेका अध्ययन तथा अनुसन्धानको चर्चा गरिएको छ । जुन अध्ययन अनुसन्धानको उपयोगीता र कार्यन्वयन पक्षलाई स्पष्ट पारिएको छ । त्यसै अध्यायमा सैद्धान्तिक तथा धारणात्मक संरचनाको समेत चर्चा गरिएको छ ।

यस शोध कार्यको तेस्रो अध्यायमा अध्ययनको विधि र प्रकृयाको चर्चा गर्नुका साथै यसको संरचनात्मक अवस्थाको समेत  स्पष्ट पारिएको छ । शोध तथा अध्ययन अनुसन्धानका लागि जनसङ्ख्याको नमूनाको आवश्यकता पर्ने भएकोले यस अध्यायमा नमूना छनोट प्रक्रियाको विश्लेषण गरिएको छ। शोध कार्य सत्य तथ्यमा आधारित भएकोले तथ्याङ्क सङ्कलनका साधन स्रोत तथा तथ्याङ्क संकलन प्रक्रिया र विश्लेषण प्रक्रियाको समेत चर्चा गरिएको छ । सङ्कलित तथ्याङ्कहरूलाई कसरी व्याख्या र विश्लेषण गर्ने भन्ने सन्दर्भलाई समेत यो अध्यायमा स्पष्ट पारिएको छ ।

कक्षा **आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**बाट ६ वटा कथा विधामा रहेका तत्सम शब्दहरूको बनोट, वर्ग, अर्थ तथा सङ्ख्यात्मक स्थितिको विश्लेषण गरिएको छ । यसबाट निम्न निष्कर्ष निकालिएको छ :-

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा ६ वटा कथाहरू छन् । पहिलो कथा **भाग्य** आधुनिक विषय वस्तुमा आधारित कथा हो । यसमा जम्मा ८२७ शब्दहरू रहेका छन् । यी शब्दहरू मध्ये तत्सम शब्दको

सङ्ख्या जम्मा २४ रहेको छ । अरु शब्दका तुलनामा तत्सम शब्दको सङ्ख्या २.९३ प्रतिशत रहेको छ । यो सङ्ख्या न्यून हो ।

दोस्रो कथाका रुपमा कक्षा आठमा **मित्रता** कथा रहेको छ । पौराणिक विषयवस्तुमा आधारित प्रस्तुत कथामा ११०४ शब्दहरू रहेका छन् । अरु शब्दका अनुपातमा यसको सङ्ख्या ११.३२ प्रतिशत रहेको छ। यसलाई तुलनात्मक रुपमा सामान्य मान्न सकिन्छ।

तेस्रो कथाका रुपमा **एउटा घटना** कथा रहेको छ। आधुनिक विषयवस्तुमा आधारित प्रस्तुत कथाका ८६८ शब्दहरू समावेश छन् भने ४२ वटा तत्सम शब्द रहेका छन्। यसको सङ्ख्यात्मक अनुपात ४.८३ प्रतिशत रहेको छ । अरु शब्दका तुलनामा तत्सम शब्दको सङ्ख्या न्यून रहेको देखिन्छ।

चौँथो कथाका रुपमा कक्षा आठमा **ठग समातियो** आधुनिक विषयवस्तुमा आधारित कथा हो। यसमा ६६७ शब्द रहेका छन् भने तत्सम शब्द १३ अथवा १.९ प्रतिशत रहेको छ। यो अत्यन्त न्यून मानिन्छ ।

पाँचौ कथाका रुपमा **सिंह र स्यालको कथा** रहेको छ। लोक व्यवहारमा आधारित प्रस्तुत कथामा ७०२ शब्दहरू रहेका छन् । यी मध्ये तत्सम शब्दको सङ्ख्या ४८ छ भने यसको सङ्ख्या ६.८३ प्रतिशत रहेको छ ।

छैटौँ कथाका रुपमा ऐतिहासिक विषयवस्तुमा आधारित **स्वाभिमान** कथा छ । यसमा ८८९ शब्द रहेका छन् । यी मध्ये १०४ तत्सम शब्द छन् अथवा ११.६९ प्रतिशत तत्सम शब्द छन् । यो सङ्ख्यालाई सामान्य रुपले लिन सकिन्छ ।

कक्षा आठको कथा विधामा रहेका तत्सम शब्दहरूलाई पदवर्गमा विभाजित गरेर हेर्दा नाम शब्दहरूको सङ्ख्या अत्याधिक रहेको छ । विशेषण शब्दहरू सामान्य छन् भने क्रिया विशेषण, क्रियायोगी र नामयोगीको सङ्ख्या न्यून छ । अरु तत्सम अव्यय पदहरूको कथामा प्रयोग भएको पाइएन ।

६ वटा कथामा प्रयोग भएका ३५६ तत्सम शब्दहरू मध्ये नामको सङ्ख्या २६६, विशेषण ७८, क्रियाविशेषण ८, नामयोगी ३ र क्रियायोगी १ रहेका छन् ।

कथामा भएका तत्सम शब्दहरूलाई व्युत्पत्तिका आधारमा हेर्दा मूल शब्द ७, उपसर्ग १०२, प्रत्यय २२४, समास २६ र सन्धियुक्त शब्दहरू १४ रहेका छन् ।

उपसर्गका आधारमा तत्सम शब्दहरूको विश्लेषण गरेर हेर्दा सवैभन्दा बढी **वि** उपसर्ग २२ वटा रहेका छन् भने सबै भन्दा कम **अन्** र **निस्** रहेका छन् । जसको सङ्ख्या १-१ छ ।

प्रत्ययका आधारमा कक्षा आठका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूलाई हेर्दा ४६ प्रकारका प्रत्ययहरू प्रयोग भएका छन् । यिनीहरूमा सबै भन्दा बढी प्रयोग भएको प्रत्यय **अ** हो । जसको आवृत्ति सङ्ख्या ५९ रहेको छ । दोस्रो आवृत्तिका आधारमा प्रयोग भएको प्रत्यय **आ** हो भने तेस्रो **य** हो । यिनीहरूको आवृत्ति सङ्ख्या क्रमशः २२ र १७ रहेको छ । सबै भन्दा कम अथवा १ स्थानमा मात्र प्रयोग भएका प्रत्ययहरू अन्त, आत्, इका, इन्, उक, उन, ओर, कार, ज्ञ, ज्ञा, तव्य, त्रुन्, थ, ना, नी, प, मन्, मान, र रन् (ग), ल, वान्, शः र स्थामन् रहेका छन् ।

त्यसैगरी कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा मूल शब्द, सन्धियुक्त शब्द र समस्त तत्सम शब्द पनि क्रमशः ७, १४ र २६ वटा सङ्ख्यामा प्रयोग भएका छन् ।

## निष्कर्ष

**नेपाली पाठ्यपुस्तकको कक्षा आठको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** एक महत्वपूर्ण र गहन कार्य हो । यसको अध्ययनले शिक्षकहरूलाई अध्यापनको क्रममा सहज सरल हुनाका साथै शब्द भण्डारमा बृद्धि समेत गराउँछ । कथामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनबाट विद्यार्थीमा शब्द भण्डारको बृद्धि हुनका साथै बक्तृत्व क्षमता र लेखन सीप तथा भाषिक कौशलमा समेत सहयोग पुग्ने देखिन्छ । संस्कृत भाषाप्रतिको उदासीनताका कारण ह्रास भइरहेको नेपाली भाषाको स्तर बृद्धिका लागि तत्सम शब्दको प्रयोग तथा अध्ययनले सम्बन्धित सबैमा सहयोग पुग्ने देखिन्छ । कक्षा ८ का विद्यार्थीको स्तर अनुसार कथामा प्रयुक्त केही तत्सम शब्दहरू क्लीष्ट दुर्बोध्य देखिन्छन् । उदाहरणका लागि युद्धर्षि, पारङ्गत, अकिञ्चन, ब्रहमचारी, शौर्य, महत्त्वकाङ्क्षा, उत्तराधिकारी जस्ता शब्दहरूलाई लिन सकिन्छ । यस्ता शब्दहरू उच्चारण गर्न तथा अर्थ बोध गर्न समेत बालबालिकाको स्तर अनुसार असहज देखिन्छन् । त्यसैले कथाकारले पाठकको स्तर अनुसारका तत्सम शब्दहरू कथामा प्रयोग गर्नुपर्ने कुरामा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

## उपयोगिता

नेपाली भाषा विचार विनिमयको माध्यम र सरकारी कामकाजको भाषा भएकोले यसको कार्यान्वयनमा नीति निर्माता, राजनैतिक दल तथा सम्बन्धित सबैले यसमा चासो देखाउनु आवश्यक छ । भाषाको प्रयोगमा सुष्पष्ट र सुबोध्यका लागि शब्दहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपाली भाषाको जननीका रुपमा रहेको संस्कृत भाषाको राजनैतिक खिचातानी र राष्ट्रको उदासीनताका कारण अध्ययन अध्यापनमा सङ्कट देखापरिरहेको छ । नेपाली भाषामा प्रयोग भएका अधिक शब्दहरूको स्रोत नै संस्कृत भाषा भएकोले यसको सहज र सरल प्रयोगका लागि अध्ययन अध्यापन हुनु आवश्यक छ । नेपाली भाषामा प्रयोग भएका तत्सम शब्दहरूलाई सरल र सहज रुपमा ग्रहण गर्नका लागि संस्कृत भाषाको पठनपाठन र प्रयोगमा राज्यको तर्फबाट पहल गर्नु अपरिहार्य देखिन्छ । यसले गर्दा नीति निर्माणमा रहनेहरूलाई कदम उठाएर दायित्व वहन गर्न समेत ध्यानाकर्षण गराइन्छ ।

## नीतिगत तह

नेपाली भाषाको जननी भाषाका रुपमा रहेको संस्कृत भाषालाई प्रयोगमा ल्याउनका लागि राजनैतिक तथा सरकारी पक्षका सम्बन्धित सबै सरोकारवालाहरूले पहल गर्नुपर्ने देखिन्छ । नेपाली भाषामा प्रयोग भएका तत्सम शब्दहरूको स्रोत संस्कृत भाषा नै भएकोले यसको पठनपाठन  र प्रयोगमा सरकारले महत्त्वपूर्ण कदम चालेर अधिकाधिक प्रयोग हुनु अनिर्वाय छ । संस्कृत भाषाको अध्ययन अध्यापन र कार्यान्वयन नहुँदा नेपाली भाषा समेत तत्सम शब्दका प्रयोगका कारण असहज र क्लीष्ट बन्दै गइरएको छ । तत्सम शब्दको अध्ययन अध्यापन र प्रयोगले नेपाली भाषाको शब्दभण्डारमा वृद्धि, शिक्षकको कार्यदक्षतामा सफलता प्राप्त हुनाका साथै विद्यार्थीमा समेत शब्दभण्डारमा वृद्धि, भाषिक सिपको विकास र वक्तृत्व क्षमतामा समेत अभिवृद्धि हुने भएकोले संस्कृत तथा नेपाली भाषाको अध्ययन अध्यापनका लागि नीति निर्माताहरूले चासो राख्नु अनिवार्य भएको छ ।

## कार्यान्वयन तह

नेपाली भाषामा तत्सम शव्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तत्सम शब्दबिनाको नेपाली भाषाको कल्पना समेत गर्न सकिदैन । तत्सम शब्दका कारण नेपाली भाषाले व्याकरण, शब्दभण्डार, शब्दवर्ग, व्युत्पत्ति जस्ता कुरामा छुट्टै पहिचान दिन सकेको छ । यस परिप्रेक्ष्यमा तत्सम शब्दका विषयमा गरिएको यो शोध कार्यले अन्य शोधार्थीका लागि थप सामग्री र अध्येताका लागि उपयोगी हुने विश्वास गरिन्छ ।

भाषाको शिक्षणका लागि शब्दभण्डारको विकास आवश्यक भएकाले शब्दको कार्य र संरचना बारे जानकारी हुनु पनि उत्तिकै आवश्यक हुन्छ । शब्दभण्डारको विकास गर्न त्यसको अर्थ र वाक्यमा प्रयोग ठिकसगँ गर्न जान्नु पर्छ । शब्दको अर्थ पहिल्याउन त्यसको आन्तरिक संरचनाले मद्दत गर्दछ । शब्दलाई कुन परिवेशमा प्रयोग गर्ने भन्ने कुराको जानकारी पदवर्गले स्पष्ट पार्दछ । त्यसैले पदवर्ग र बनोट प्रकृयाको अध्येतामा जानकारी हुनु शैक्षिक दृष्टिले महत्त्वपूण मानिन्छ । अन्य शब्दको तुलनामा तत्सम शब्दको बनोट प्रकृया जटिल हुने भएकोले शैक्षणिक प्रयोजनका लागि यसको अध्ययन अनिवार्य देखिन्छ । तत्सम शब्दको उपयोगितालाई निम्न बुँदामा समेट्न सकिन्छ :-

१. तत्सम शब्दको अध्ययनले शिक्षक तथा विद्यार्थीलाई भाषिक सीप र शब्दभण्डारमा बृद्धि गर्न सहयोग पुग्ने देखिन्छ ।

२. यस शोध कार्यले कथा विधा मात्र नभएर साहित्यका अन्य विधा शिक्षणका लागि समेत सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

३. तत्सम शब्दको अर्थ पहिचान बनोट प्रकृया र शब्दवर्गको जानकारी हुने भएकोले यसको अध्ययनले शिक्षण कार्यमा सहयोग पुग्ने विश्वास गरिन्छ ।

४. यो अध्ययनले शब्दको मूल रुप पत्ता लाग्ने हुनाले मूल अर्थ र परिवेश बुझी प्रयोग गर्न सहयोग पुग्ने देखिन्छ ।

५. यो शोध कार्यले पाठ्यक्रम पाठ्यपुस्तक निर्मातालाई नेपाली पाठ्यपुस्तक तयार पार्दा तत्सम शब्दहरू के कस्ता र कति राख्ने, पदवर्ग, उपसर्ग र प्रत्यय भएका शब्दको सन्तुलन कसरी मिलाउने जस्ता विषयमा मार्ग निर्देश गर्ने कुरामा सहयोग पुग्ने अपेक्षा गरिन्छ ।

**आगामी अनुसन्धानका लागि भावी शीर्षक**

अध्ययन अनुसन्धान निरन्तर हुने प्रक्रिया हो । यो धेरै प्रयासबाट मात्र सम्भव छ । यसको क्षेत्र व्यापक र विस्तृत छ । यस शोध अध्ययनले समेट्ने नसकेका विषयहरू धेरै छन् । यो अभावलाई भावी अध्येताले अध्ययन अनुसन्धान गर्ने अपेक्षा गरिएको छ । तत्सम शब्दको शोध अध्ययनका लागि अन्य धेरै शीर्षकहरू हुन सक्तछन् । केही शीर्षकलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

क. कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

ख. कक्षा ८ को नेपाली पाठ्यपुस्तकको जीवनी विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

ग. कक्षा ८ को नेपाली पाठ्यपुस्तकको प्रबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

घ. कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कथा र प्रबन्ध विधामा प्रयुक्त सन्धि र समास भई बनेका तत्सम शब्दहरूको अध्ययन ।

ङ. कक्षा ८ को नेपाली पाठ्यपुस्तकको एकाङ्की विधामा प्रयुक्त तत्सम शब्द र अन्य शब्दका बिच तुलनात्मक अध्ययन ।

**सन्दर्भ सामग्री**


अधिकारी, हेमाङ्गराज (पाँ. संस्क २०६६), **समसामयिक नेपाली व्याकरण**, भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (पुनः *२०६६),* **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. ।

आप्टे, बामन (सन् १९९९), **संस्कृत हिन्दी कोश**, दिल्ली/वाराणसी : भारतीय विद्या प्रकाशन ।

खड्का, गोमाकुमारी (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

चापागाईं, नरेन्द्र (२०६७, **नेपाली शब्दभण्डार**, विराटनगर : श्याम पुस्तक भण्डार ।

दाहाल, शान्ता (२०६७), **सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

नेम्बाङ, देवीमाया (२०७१), **नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरी ।

न्यौपाने, टङ्कप्रसाद (२०५१), **भाषा विज्ञानको रूपरेखा**, धरान : नेपाल बुक डिपो ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), **आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८)**, काठमाडौं : पा.वि. के ।

पाठ्यक्रम विकास केन्द्र (२०७२), **नेपाली कक्षा-८**, काठमाडौं : पा.वि.के. ।

पोखरेल, बालकृष्ण र साथीहरू (२०४०), **नेपाली वृहत् शब्दकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, टीकादत्त (२०६८), **तत्सम नेपाली व्युत्पत्ति कोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बस्नेत, नारायण (२०७१), **स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

भण्डारी, कृष्णप्रसाद (२०६०), **अनुसन्धान पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकाशन ।

भट्टराई, शङ्करप्रसाद (२०५२), **तरुण तपसी नव्यकाव्यमा प्रयुक्त शब्दहरूको आवृत्ति र तत्सम शब्दको अर्थ शीर्षकमा अध्ययन**, कीर्तिपुर : काठमाडौं ।

लम्साल, रामचन्द्र र अन्य (२०६५), **साधारण नेपाली**, काठमाडौं : शुभकामना प्रकाशन ।

शर्मा, वसन्तकुमार (२०६१), **नेपाली शब्दसागर**, काठमाडौं : साझा प्रकाशने ।